# प्रभाव दैनिक
National Daily

वर्ष ८ | अंक ११४ | काठमाडौं | मंगलबार, १ भदौ २०७८ | Prabhab National Daily, | Tuesday, August 17, 2021 | URL www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।-



**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न पदको कर्मचारी आवश्यकता परेकोले हुँदा योग्य व्यक्तिले आफ्नो वायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Documentation-2 (F/M)**

**नोट** : Photosho सम्बन्धी ज्ञान भएको, सम्बन्धि क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसगँ बोल्न लेख्न सक्ने, कम्प्युटरको राम्रोसगँ ज्ञान हुनुपर्दछ ।

सम्पर्कः ९८६०८९०६५७

**Dulsco Human Resources Pvt.Ltd.**
Dhumbarahi, Kathmandu


सन्दर्भः वैदेशिक रोजगार

# १ सय ३४ जना नेपाली सम्पर्कमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि अफगानस्तानमा रहेको १ सय ३४ जना नेपाली सम्पर्कमा आएका छन् । पराराष्ट्र मन्त्रालयले सम्पर्कमा आउन अनुरोध गरेअनुसार सोमबार साँझसम्म उनीहरू सम्पर्कमा आएका हुन् ।

आइतबार मात्रै परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै अफगानस्तानमा रहेका नेपाली नागरिकको विवरण संकलनका लागि अनलाइन रजिस्ट्रेसनसहित सम्पर्कमा आउनका लागि भाइबर वाट्सएप नम्बरहरू सार्वजनिक गरेको थियो । सोमबार साँझसम्म १ सय ३४ जनाले विभिन्न माध्यामबाट सम्पर्क गरेको मन्त्रालयले जनाएको छ ।

सरकारको सम्पर्कमा आएका व्यक्तिहरूको उद्धारका लागि समेत सहज हुने जनाइएको छ । अफगानस्तानमा रहेका नेपालीहरूबारे जानकारी आउने क्रम जारी नै रहेको पनि मन्त्रालयले जनाएको छ । अफगानिस्तानमा रहेका नेपाली नागरिक वा उनीहरूको परिवारका सदस्यले कन्सुलर सेवा विभागको वेबसाइटमा आफ्नो नामसहितको विवरण समावेश गर्न सक्ने व्यवस्था गरिएको छ । अवैधानिक रूपमा जाने श्रमिकहरू पनि त्यहाँ अलपत्र परेको हुन सक्ने भएकाले विवरण तयार पार्ने काम गर्नुपरेको मन्त्रालयले जनाएको छ ।

काबुलस्थित विभिन्न मुलुकका कूटनीतिक नियोगहरू तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा कार्यरत नेपालीहरूलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्न र स्वदेश फर्काउन नेपाल सरकारले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत, क्यानडा, जर्मनी, युरोपियन युनियन, जापान तथा संयुक्त राष्ट्रसंघको कार्यालयहरूलाई औपचारिक पत्राचारसमेत गरेको बताइएको छ । ती देश तथा संघ संस्थाले नेपालको आग्रहलाई सकारात्मक रूपमा लिएको बताइएको छ ।

यसैबीच, नेपालबाट अफगानस्तानमा नेपाली श्रमिक पठाउने दुई वटा म्यानपावर कम्पनीले ३ सय ३० जना नेपालीको उद्धार भइसकेको जानकारी दिएका छन् । वैदेशिक रोजगार विभागले नेपालबाट अफगानिस्तानमा पठाउने कार्यमा संस्थागत रूपमा संलग्न दुई वटा म्यानपावर कम्पनीलाई नेपालीको अवस्थाबारे जानकारी लिएर आउन निर्देशन दिएको थियो । सोही अनुसार एफएसआई वर्ल्ड म्यानपावर कम्पनी र युनिभर्सल कनेक्सन म्यानपावर कम्पनीले विभागलाई ३ सय ३० जना श्रमिकलाई उनीहरू कार्यरत सम्बद्ध नियोग र कार्यालयले कतारको राजधानी दोहामा ल्याइसकेको जानकारी दिएको विभागले जनाएको छ । सोमबार दिउँसोसम्म ४ सय ३७ जना नेपाली काबुलको अन्तर्राष्ट्रिय एयरपोर्टमा उद्धार गर्न जाने विमानको प्रतिक्षामा रहेको जानकारी ती म्यानपावर कम्पनीले दिएको विभागले जनाएको छ ।

# कोरोनाबाट मुक्त भएको कुवेतको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली श्रमिकको रोजगार गन्तव्य मुलुकमध्येको एक कुवेतले कोरोना महामारी (कोभिड-१९) को तेस्रो लहरबाट मुक्त भएको जनाएको छ । कुवेतको स्वास्थ्य मन्त्रालयले कोभिड-१९ समितिले देशमा सञ्चालित खोप अभियानबाट तेस्रो लहरबाट देश बाहिर निस्केको जनाएको हो ।

स्वास्थ्य मन्त्रालयको कोभिड-१९ समितिका सदस्य डा.खलेद अल सइदले देशमा खोप अभियानको सफलतासँगै कोरोनाको सम्भावित तेस्रो लहरबाट देश बाहिरिएको बताएको त्यहाँका स्थानीय सञ्चार माध्यामले जनाएका छन् । कुवेतमा रहेका २६ लाख ६८ हजार मानिसले कोरोनाविरुद्धको खोपको कम्तीमा पनि एक डोज लगाइसकेको सइदको भनाइलाई उद्धृत गर्दै स्थानीय सञ्चार माध्यामले उल्लेख गरेका हुन् । खोप लगाउनका लागि योग्य ६८ प्रतिशतभन्दा बढीले खोप लगाइसकेको कुवेत सरकारको तथ्यांकले देखाएको छ ।

कुवेतले १२ वर्ष उमेरमाथिका सबै नागरिकलाई खोप लगाउन योग्यको सूचीमा राखेको छ । कुवेतमा पछिल्लो समय कोरोना संक्रमण दरसमेत घट्दै गएको छ । आइतबार त्यहाँ ३ सय ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो संख्या पछिल्लो ८ महिना यताकै कम भएको बताइएको छ । १२ अगस्टमा कुवेतमा ५ सय ५५ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । यो संख्या पछिल्लो समय घट्दै गएको देखिएको छ । कुवेतमा कोरोनाका कारण हालसम्म २ हजार ३ सय ८९ जनाको मृत्यु भएको छ । जम्मा संक्रमितको संख्या ४ लाख ६ हजार ५ सय ४० जना रहेको बताइएको छ । जसमध्ये ३ लाख ९७ हजार २ सय ४७ जना निको भएका छन् । अहिले संक्रिय संक्रमितको संख्या ६ हजार ९ सय ४ जना रहेको बताइएको छ ।

## एमसिसी विवाद

# दाहाल आफैंलाई गलपासो !



■ भक्त राई

**काठमाडौं–** नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकीकरण भई बनेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विवादको प्रमुख कारणमध्ये अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाको सम्झौता पनि एक थियो । एकता भंग हुनुपूर्व नेकपामा अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी ओली एमसिसी प्रतिनिधिसभाबाट पारित गर्नुपर्ने पक्षमा थिए । तर, अर्का अध्यक्ष पुष्पकमल दाहाल भने एमसिसीको केही बुँदा संशोधन नगरी पारित गर्न नहुने पक्षमा थिए । अझ बाहिर त उनी एमसिसी सम्झौता कुनै पनि हालतमा पारित गर्न नहुने स्पष्ट अडान राख्ने गर्दथे ।

एमसिसीका कारण तत्कालीन नेकपा फुटेको र ओली सरकार ढलेकोसम्मका चर्चा नेपाली राजनीतिक वृत्तमा चल्ने गरेका छन् । त्यति मात्र होइन, तत्कालीन सभामुख कृष्णबहादुर महरालाई 'रोशनी शाही काण्ड' लाग्नुको कारणलाई पनि एमसिसी सम्झौतासँगै जोडेर हेर्नेको संख्या पनि उल्लेख्य छ । महरा र अहिलेका सभामुख अग्निप्रसाद सापकोटाले दाहालकै निर्देशनमा ओली सरकारले संसदमा टेबुल गरिसकेको एसिसी सम्झौता संसदमा प्रस्तुत नगरेको बुझाइ ओली पक्षको थियो ।

नेकपाको विवाद सडकसम्म पुग्दा माओवादी केन्द्र र एमालेका माधवकुमार नेपाल पक्षका नेता कार्यकर्ताले एमसिसीको चर्को विरोध गर्ने गरेका थिए । उनीहरूले ओली सरकारले संसदबाट पारित गर्न चाहेको एमसिसी सम्झौतालाई 'राष्ट्रघाती' रहेको भन्दै कुनै पनि हालतमा पारित गर्न नहुने बताउने गरेका थिए । तर, सोही आन्दोलनका क्रममा पुल्चोकको एक आन्दोलनमा सहभागी हुन पुगेको अध्यक्ष दाहालले एमसिसीविरुद्धको नारा नलगाउन निर्देशन दिए । आन्दोलनका मोर्चामा रहेका नेतृ पम्फा भुसालगायत नेताहरूलाई उक्त नारा रोक्न निर्देशन दिए । फेरि सोही नारा दोहोरिएपछि उनी आन्दोलन छाडेर हिँडेका थिए ।

ओली सरकार ढलेपछि बनेको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्त्वको गठबन्धन सरकारले केहीदिन अघि 'सरकारको न्यूनतम् साझा कार्यक्रम' सार्वजनिक गऱ्यो । तर, उक्त कार्यक्रममा एमसिसीबारे केही उल्लेख गरिएन । त्यसपछि संसद बैठकमा बोलेको प्रमुख प्रतिपक्षी दल एमाले अध्यक्ष ओलीले सरकार र प्रधानमन्त्रीको चर्को आलोचना गरे । उनले संसदमा सरकारलाई सोधे, 'प्रधानमन्त्रीज्यू एमसिसी के गर्नुहुन्छ ? जनता जान्न चाहन्छन्, एमसिसी के गर्नुहुन्छ ?'

त्यसपछि गत शुक्रबार सम्पन्न कांग्रेस केन्द्रीय समितिको बैठकमा पनि उक्त विषय उठ्यो । केन्द्रीय सदस्यहरूले एमसिसीबारे प्रश्न उठाएपछि प्रधानमन्त्री एवं पार्टी सभापति देउवाले जवाफ दिए 'एमसिसीका बारेमा माओवादी अध्यक्ष प्रचण्डले केही नलेखौं भनेकाले केही नलेखिएको हो, कांग्रेस एसिसी परियोजना पारित गर्नुपर्ने पक्षमा छ ।'

कांग्रेस बैठकमा मात्र होइन, शुक्रबार र शनिबार बसेको माओवादी केन्द्रको बैठकमा पनि उक्त विषय उठ्यो । बैठकमा अध्यक्ष दाहालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा छलफलका क्रममा केन्द्रीय सदस्यहरूले एमसिसी परियोजनाबारे सरकारको न्यूनतम् साझा कार्यक्रममा किन मौन बसेको भनेर कुरा उठाए । उनीहरूले एमसिसीका बारेमा पार्टीको आधिकारिक धारणा माग गरे । उनीहरूले जनतामाझ जाँदा स्पष्ट जवाफ दिनुपर्ने भन्दै नेतृत्त्वको धारणा माग गरे । तर, अध्यक्ष दाहालले उक्त विषयको स्पष्ट जवाफ दिएनन् ।

तत्कालीन नेकपा विवादलाई आफू पक्षमा पार्न र ओली सरकारलाई विस्थापित गर्नका लागि गतिलो हतियारका रूपमा माओवादी अध्यक्ष दाहालले प्रयोग गरेको 'एमसिसी' परियोजना पछिल्लोपटक आफ्नै लागि 'गलपासो' बन्न थालेको अनुभूति हुन थालेको छ । अध्यक्ष दाहालले बेलाबखत एमसिसी सम्झौताको केही बुँदा संशोधन

(बाँकी पृष्ठ २ मा)

## जसपा विवादः

# सर्वोच्चले दिएन अन्तरिम आदेश



■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतले उपेन्द्र यादव पक्षलाई जनता समाजवादी पार्टीको आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । महन्थ ठाकुरले दिएको रिटमा सुनुवाई गर्दै न्यायाधीश दीपककुमार कार्की र आनन्दमोहन भट्टराईको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । सोमबार भएको सुनुवाइपछि कार्की र भट्टराईले अन्तरिम आदेश दिन अस्वीकार गरेपछि उपेन्द्र यादव पक्षलाई जसपाको आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय कायमै रहने भएको छ ।

जसपामा विवाद भएपछि उपेन्द्र यादव पक्षले पार्टीमा आधिकारिकताको दावी गर्दै निर्वाचन आयोगमा निवेदन दिएको थियो । आयोगले गत ११ साउनमा सबै केन्द्रीय सदस्यलाई बोलाएर सनाखत गर्दा ५१ सदस्यीय कार्यकारिणी समितिका ३४ जनाले यादव पक्षलाई समर्थन गरेका थिए भने महन्थ ठाकुर पक्षमा १६ जना देखिएका थिए । त्यस्तै रेशम चौधरी तटस्थ बसेका थिए ।

बहुमत सदस्यले समर्थन गरेपछि आयोगले जनता समाजवादी पार्टीको आधिकारिकता यादव पक्षलाई दिएको थियो भने ठाकुर पक्षले कानुनअनुसार अर्को दल खोल्न सक्ने निर्णय गरेको थियो । आयोगको उक्त निर्णयविरुद्ध ठाकुरले सर्वोच्च अदालतमा रिट दिएका थिए र आयोगको निर्णय कार्यान्वयन रोक्न अन्तरिम आदेश माग गरेका थिए । तर, सर्वोच्च अदालतले आयोगको निर्णयले निवेदकलाई तत्कालै अपूरणीय क्षति पुग्ने नदेखिएको भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । 'सो निर्णय कानुनबमोजिम छ वा छैन भन्ने अन्तिम निर्णयको विषय देखिएको, उठाइएका अन्य विषयमा समेत अन्तिम निर्णय हुँदा विचार हुने नै भएको र निवेदकलाई तत्काल अपूरणीय क्षति पुग्ने अवस्था नदेखिएको समेतबाट सुविधा र सन्तुलनलाई दृष्टिगत गर्दा हाल मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपरेन' रिटमा भनिएको छ ।

आयोगले यादव पक्षलाई आधिकारिकता दिएपछि ठाकुर पक्षले देशभर संगठन निर्माणको क्रमलाई तीव्रता दिएको छ । तराईका जिल्लासहित काठमाडौंमा समेत ठाकुर पक्षले अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ । ठाकुर पक्षका सबैजसो नेताहरू भेलाका लागि जिल्ला दौडाहामा निस्किएका छन् । तत्काल अर्को दल नखोल्ने निष्कर्ष निकालेको ठाकुर पक्षले यो अवधिलाई शक्ति सञ्चयको मौकाका रूपमा लिएको बताइएको छ ।

तत्कालै अर्को दल खोल्दा वा जसपा परित्याग गर्दा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीयतहमा निर्वाचित आफूपक्षीय नेताहरूको पद खोसिने भएको कारण ठाकुर पक्षले तत्काल अर्को दल नखोल्ने निक्यौंल गरेको विश्लेषण गरिएको छ । पार्टी विभाजनका लागि केन्द्रीय कार्यकारिणी समिति र संसदीय दलमा ४० प्रतिशत संख्या पुऱ्याउनु पर्ने प्रावधान छ । तर, ठाकुर पक्षसँग सो संख्या नभएकाले दल विभाजन गर्न नसक्ने भएकाले त्यो जोखिम नउठाएको बताइन्छ । तर, वर्तमान सरकारले नेकपा एमालेको माधवकुमार नेपाल पक्षलाई ध्यान दिँदै दल विभाजन सम्बन्धी अध्यादेश ल्याउने तयारी गरेको चर्चा चलिरहेको छ । सरकारले सोही तयारीका लागि जारी संसदको अधिवेशन अन्त्यको सिफारिस गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले सोमबार नै अधिवेशन अन्त्य गरेकी छन् । यदि सरकारले उक्त अध्यादेशमार्फत खुकुलो प्रावधान ल्याएमा त्यसको लाभ ठाकुर पक्षले पनि उठाउन सक्नेछ ।

यता यादव पक्षले भने ठाकुरसहित नेतालाई जिम्मेवारीबिहीन बनाइसकेको छ । ठाकुर, अर्का नेता राजेन्द्र महतो, लक्ष्मणलाल कर्णलगायतलाई पार्टीको साधारण सदस्यबाहेकको जिम्मेवारीबाट मुक्त गरिसकिएको छ ।



# ५८ सम्पदाको पुनर्निर्माण सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** ०७२ सालमा गएको विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त पशुपति क्षेत्रको सम्पदाको पुनर्निर्माणले अपेक्षाकृत गति लिन सकिरहेको छैन । हिन्दू धर्मावलम्वीहरूको आराध्यदेव पशुपति क्षेत्रको सम्पदा समयमै सम्पन्न गर्ने लक्ष्य लिइए पनि अपेक्षाकृत सफलता हात लाग्न नसकेको गुनासो आइरहेको छ । १२ वैशाख ०७२ को विनाशकारी भूकम्पले पशुपति क्षेत्रको १०५ सम्पदामा क्षति पुऱ्याएको थियो । भूकम्प गएको ६ वर्ष बितिसक्दा हालसम्म क्षतिग्रस्त सम्पदामध्ये ५८ वटाको मात्र पुनर्निर्माण सम्पन्न भएको छ ।

पशुपति क्षेत्र विकास कोषका अनुसार अहिलेसम्म आधा मात्र सम्पदाको पुनर्निर्माण सकिएको हो । कोषका सदस्य सचिव डा.घनश्याम खतिवडाका अनुसार २१ सम्पदाको हाल पुनर्निर्माण भइरहेको छ । त्यस्तै २३ सम्पदाको अहिलेसम्म पुनर्निर्माण सुरु हुन नसकेको उनले बताएका छन् । सोमबार राष्ट्रियसभामा सांसदहरूले पशुपति क्षेत्रको अवलोकन गर्ने क्रममा उनले सो जानकारी गराएका थिए । उनले पशुपति क्षेत्रको वृहत्तर विकासका लागि गुरुयोजना बनिरहेको पनि जानकारी दिएका छन् । उनका अनुसार वनकाली क्षेत्रमा पार्किङ निर्माणका लागि काम भइरहेको छ । पशुपति क्षेत्रको वाग्मतीमा सधैँ स्वच्छ पानी बगाउन गुह्येश्वरी क्षेत्रमा पोखरी निर्माण गर्न लागिएको जानकारी कोषले गराएको छ ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिअन्तर्गत गठित उपसमितिले सोमबार विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रको स्थलगत अवलोकन गरेको थियो । उपसमिति संयोजक सांसद अनिता देवकोटाको नेतृत्त्वमा गएको सांसदहरूको समूहले पशुपति क्षेत्रको अवलोकन गरी त्यहाँको अवस्थाका बारेमा जानकारी लिएको हो । उपसमितिले पशुपति क्षेत्रमा भइरहेको भौतिक संरचना निर्माण, पार्किङ व्यवस्थापन, तिलगंगाको बस्ती स्थानान्तरण, पूजा एवं सांस्कृतिक परम्परा, घाट क्षेत्र व्यवस्थापनलगायतका विषयमा जानकारी लिएको थियो ।

अवलोकनमा सांसदहरू कोमल वली, उदया शर्मा पौडेल, खिमलाल भट्टराई, इन्दिरादेवी गौतम सहभागी भएका थिए । अवलोकनपछि आयोजित अन्तर्क्रिया कार्यक्रममा सांसदहरूले पशुपति क्षेत्रलाई विश्वभरका वैदिक सनातन हिन्दू धर्मावलम्बीको गन्तव्यस्थल बनाउने संरचना निर्माणका लागि आवश्यक सहयोग गर्न सरकारको ध्यानाकर्षण गर्ने प्रतिबद्धता जनाएका थिए ।

त्यस अवसरमा कोषका सदस्य सचिव डा. खतिवडाले तिलगंगाा क्षेत्रको बस्ती स्थानान्तरणका लागि मुआब्जा दिइसके पनि गोठाटारमा दिने भनिएको जग्गा व्यवस्थापन नहुँदा ढिलाइ भएको सांसदहरूलाई जानकारी गराएका थिए । गोठाटारको जग्गामा बालुवा रहेकाले त्यसको व्यवस्थापन नगरी बस्ती स्थानान्तरण गर्न नसकिने कोषले जनाएको छ । बालुवा व्यवस्थापनका लागि बोलपत्र आह्वान गर्दा मुद्दा पर्ने गरेकाले काममा ढिलाइ भइरहेको उनले बताए ।

पशुपति क्षेत्रमा फूलमाला व्यवस्थित गर्ने काम पनि चुनौतीपूर्ण बन्दै आएको छ । यसमा पनि काम गरिरहेको कोषको भनाइ छ । पशुपति क्षेत्रको स्थलगत अवलोकनपछि प्रतिवेदन तयार पारी समितिसमक्ष पेस गरिने सांसद भट्टराईले सुनाए । प्रतिवेदनमाथि समितिमा छलफल गरी पशुपति क्षेत्रको वृहत्तर विकासका लागि सरकारलाई निर्देशन दिने तयारी समेत गरिएको उनले जानकारी दिए ।

## दाहाल आफैँलाई...

(पृष्ठ १ बाट जारी)

गरेर पारित गर्नुपर्ने धारणा राख्ने गरेका छन् । तर, माओवादी केन्द्रकै नेताहरू देवप्रसाद गुरुङ, लिलामणि पोखरेललगायत एमसिसी कुनै पनि हालतमा पारित हुन नहुने अडानमा छन् ।

सत्ता साझेदार दल कांग्रेस त पहिलेदेखि नै एमसिसी पारित हुनुपर्ने पक्षमा छ । एमसिसी परियोजनामा सकारात्मक रहेको कांग्रेस यथाशीघ्र संसदबाट एमसिसी पारित हुनुपर्ने पक्षमा छ । कांग्रेसकै पालामा अघि बढेको र तत्कालीन अर्थमन्त्री तथा हालका कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्झौतामा हस्ताक्षर गरेको भन्दै कांग्रेसले यसको स्वामित्त्व लिनुपर्ने भन्दै कांग्रेस नेताहरूले नेतृत्त्वको ध्यानाकर्षण गराइरहेका छन् । मन्त्री कार्कीले त संसदमा एमसिसी परियोजना मुलुकको हितप्रतिकूल नभएको भन्दै यसलाई चाँडो संसदबाट पारित गर्नुपर्ने भनिसकेका छन् । पार्टी सभापति तथा प्रधानमन्त्री देउवा पनि एमसिसीको विरुद्धमा छैनन् । यहाँसम्म कि कांग्रेसका नेता मात्र होइन कार्यकर्तासमेत एमसिसी परियोजनाको विपक्षमा रहेको खासै देखिएको छैन ।

### माओवादी संलग्नता

नेपालमा एमसिसीको बहस सन् २०१० बाट आरम्भ भए पनि यसले आकार लिने काम ५ माघ ०६८ मा तत्कालीन माओवादी केन्द्रका तर्फबाट प्रधानमन्त्री बनेका डा.बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुनको पालामा नेपाल एमसिसी थ्रेसहोल्डमा छनोट भएको थियो । २७ माघ ०६८ मा तत्कालीन अर्थमन्त्री पुनको प्रस्तावमा एमसिसी परियोजना समन्वय गर्नका लागि नेपाल सरकार वैदेशिक सहायता समन्वय महाशाखा प्रमुखलाई सम्पर्क अधिकृत नियुक्ति गर्ने निर्णय गरिएको थियो ।

त्यस्तै, २१ पुस ०७० मा तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र अर्थमन्त्री शंकरप्रसाद कोइरालाको कार्यकालमा विकास अवरोध पहिचानका लागि नेपाली अर्थशास्त्रीहरूको समूह गठन गरी पूर्वाधार विकासका चुनौती 'बोमा' रिपोर्ट तयार पार्ने काम भयो । ०७१ माघमा सुशील कोइराला प्रधानमन्त्री र रामशरण महत अर्थमन्त्री भएको बेला एमसिसीले नेपाललाई एमसिसी कम्प्याक्टका लागि छनोट गरेको थियो । त्यस्तै, ५ साउन ०७३ मा तत्कालीन प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेल रहँदा एमसिसीबाट प्राप्त लगानी सम्बन्धमा सम्भावित आयोजना अध्ययनका लागि प्राविधिक अनुदान स्वीकार गर्ने सम्झौतामा भयो ।

त्यसपछि १८ जेट ०७४ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्रीमा कृष्णबहादुर महराको पालामा मन्त्रिपरिषद् बैठकले एमसिसी सहायता स्वीकारसँग सम्बन्धित एमसिसी सम्झौताको मस्यौदा तयार गर्नेगरी द्विपक्षीय वार्ता गर्नका लागी नेपालको तर्फबाट वार्ता टोली गठन गर्ने निर्णय गरिएको थियो । त्यस्तै, १० साउन ०७४ मा प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्त्वको माओवादी केन्द्रसमेत सामेल भएको गठबन्धन सरकारले एमसिसी सहयोग स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न एमसिए नेपाललाई स्वीकृति प्रदान गरेको थियो । १९ भदौ ०७४ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहितको टोलीलाई नेपाल र एमसिसीबीच अनुदान सहायता सम्झौताको लागि अमेरिका प्रस्थान गर्न अनुमति दिने निर्णय गरेको हो । सोही निर्णय अनुसार २९ भदौ ०७४ मा माओवादी केन्द्रसहितको गठबन्धन सरकाका तर्फबाट अर्थमन्त्री कार्कीले एमसिसी सम्झौतामा अमेरिकाको वासिंटन डिसी पुगेर हस्ताक्षर गरेको थियो ।

आफूसमेत संलग्न सरकार हस्ताक्षर गरेको एमसिसी सम्झौताको विरोधमा माओवादी केन्द्रका अध्यक्ष दाहालले राम्रै जनमत तयार पारेका छन् । तर, अहिले भने एमसिसी दाहाल आफैँलाई गलपासो बन्न थालेको बताइन्छ । पार्टीभित्र मात्र होइन, यसले सत्ता साझेदारीलाई समेत प्रभाव पार्नसक्ने विश्लेषण गरिन्छ । यसैका कारण सरकार ढल्नसक्ने बुझेको दाहालले केन्द्रीय कमिटी बैठकमा निष्कर्ष सुनाएका छन्, ' वर्तमान सरकार जतिबेला पनि ढल्न सक्छ, फेरि अर्को प्रतिगमनको खतरा कायमै छ ।'

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ८ अंक ११३ साउन ३२ गते २०७८ मा प्रकाशित Sunlight Recruitment Service Pvt.Ltd. को LT.No. 243643 (चलानी.नं ६०१६१०५३) को विज्ञापनमा कम्पनीको नाम BRK TRADING TRANSPORTATION CO. हुनुपर्नेमा अन्यथा हुन गएकाले सच्याइएको कुरा सबैमा जानकारी गराइन्छ ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## राहदानी हरायो

मिति २०७८/०२/२६ गते कलंकी देखि त्रिपुरेश्वर सम्मजाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :चित्र नारायण श्रेष्ठ
ठेगाना : खाल्ते–३, धादिङ
राहदानी नं. : ०८९२१६१४
सम्पर्क नं.: ९८५१०६६३५६


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Soft Works Contracting Company

पूर्व स्वीकृति मिति : २०७८/04/२० पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 243485 चलानी नं. ६०१६१४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 15 | 0 | 1200 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HVAC Technician | 2 | 0 | 2500 | ७९,००० | | | | | | | |
| 3 | General Electrician | 1 | 0 | 2000 | ६३,६८० | | | | | | | |
| 4 | General Plumber | 1 | 0 | 2000 | ६३,६८० | | | | | | | |

कम्पनी : Happy Time Fast Food Restaurant

पूर्व स्वीकृति मिति : २०७८/०३/१० पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 240759 चलानी नं. ६०१६१४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 3 | 0 | 1200 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौँमा भदौ ८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q Tec Facilities Management WLL

पूर्व स्वीकृति मिति : २०७८/०१/१८ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No.239300 चलानी नं. ६०१५७५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 20 | 0 | 1000 | ३२,७९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Air Condition tech | 5 | 0 | 1200 | ३९,०६९ | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ३९,०६९ | | | | | | | |

कम्पनी : Q TEC ENGINEERING WLL

पूर्व स्वीकृति मिति : २०७७/११/२५ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No.236932 चलानी नं. ६०१५५२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LLabourer | 10 | 0 | 1000 | ३२,७९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner | 2 | 0 | 1000 | ३२,७९० | | | | | | | |
| 3 | Electric Technician | 8 | 0 | 1100 | ३६,०६९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Hitmi Trading & Contracting WLL

पूर्व स्वीकृति मिति : २०७८/०१/२२ पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/३२ LT. No.240405 चलानी नं. ६०१५८३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 4 | 0 | 2500 | ८१,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 13 | 0 | 1000 | ३२,७९० | | | | | | | |
| 3 | MASON | 12 | 0 | 1200 | ३९,०६९ | | | | | | | |
| 4 | PLUMBER | 23 | 0 | 1200 | ३९,०६९ | | | | | | | |

कम्पनी : Maghdeem Contracting, Trading & Services Co. W.L.L

पूर्व स्वीकृति मिति : २०७८/04/२० पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/३२ LT. No.243468 चलानी नं. ६०१६१०५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 4 | 0 | 1000 | ३२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
श्रम ईजाजत नं. 537/061/62
Gaushala-7, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :Bin Hofan General Deals

पूर्व स्वीकृति मिति: २०७८/०१/१५ पून विज्ञापन स्वीकृति मिति: २०७८/04/३२ LT. No. 237903 चलानी नं. ६०१५७५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 3 | 0 | 1200 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 4 | 0 | 1800 | ५७,०२५ | | | | | | | |
| 3 | VAN DRIVER | 3 | 0 | 1800 | ५७,०२५ | | | | | | | |
| 4 | Road mechanism driver | 3 | 0 | 1800 | ५७,०२५ | | | | | | | |
| 5 | GENERAL MASON | 2 | 0 | 1200 | ३८,२४० | | | | | | | |
| 6 | Architect Labor | 3 | 0 | 1000 | ३१,८४० | | | | | | | |

कम्पनी :Al-walaa Contracting Est.

पूर्व स्वीकृति मिति: २०७८/०१/१५ पून विज्ञापन स्वीकृति मिति: २०७८/04/३२ LT. No. 239648 चलानी नं. ६०१५७५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1200 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौँमा भदौ ०८ गते ( 24th Aug 2021 ) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.,**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal.
Tel: + 977-1-4359026, 4363094, Email: muskanoverseas786@gmail.com
Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATHB COMPANY FOR WATER

पूर्व स्वीकृति मिति : २०७८/04/११ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 242815 चलानी नं. ६०१६०५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 5 | 0 | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GRILLED SIKH EST FOR MEALS

पूर्व स्वीकृति मिति : २०७८/04/११ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 242813 चलानी नं. ६०१६०५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labor | 7 | 0 | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OVEN FLAVOR FAST FOOD RESTAURENT

पूर्व स्वीकृति मिति : २०७८/04/११ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 242807 चलानी नं. ६०१६०५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labor | 4 | 0 | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABICA COFFEE

पूर्व स्वीकृति मिति : २०७७/११/२६ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. 236903 चलानी नं. ६०१६०५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 2 | 0 | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालयमा भदौ ८ गते ( 24TH Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/०६१/०६२
Pulchowk, Lalitpur, Nepal. Tel: +977-1-5547946, 01-5545692 Fax : +977-1-5547945, E-mail : isonepal@wlink.com.np, ishanoverseasmani@gmail.com

## मास्क लगाऔँ अभियान शुभारम्भ

# तीन करोड मास्क बाँडिने



■ रमेश गिरी

भक्तपुर- 'मास्क लगाऔँ, एक अर्कालाई बचाऔँ' भन्ने नाराका साथ राष्ट्रव्यापी रूपमा 'नेपाल मास्क कार्यक्रम' शुभारम्भ गरिएको छ । सोमबार साउन ३२ गते भक्तपुरको मध्यपुरथिमि नगरपालिका-४ दुई पोखरीबाट मास्क लगाऔँ अभियान शुभारम्भ गरिएको हो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र मध्यपुरथिमि नगरपालिकाका प्रमुख एवं उपत्यका नगरपालिका फोरमका सचिव मदनसुन्दर श्रेष्ठले एकैसाथ स्वयंसेवक र स्थानीयवासीलाई मास्क वितरण गर्दै अभियानको सुरुवात गरेका हुन् । ललितपुर महानगरपालिकाका प्रमुख महर्जनले सबैसँग मास्क भए पनि कसैको मास्क हातमा, कसैको चिउँडोमा र कसैले खल्तीमा राखेर हिंड्ने गरेकाले प्रभावकारी नभएको बताए । उनले मास्क कसरी लगाउने र कोरोना भाइरसबाट कसरी सुरक्षित हुने भनेर घरघरमा गएर जनचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याए ।

कोभिडले विश्वलाई नै प्रभावित पारिरहँदा कोरोना भाइरस विरुद्धको भ्याक्सिन आउनुभन्दा अगाडि नै मास्क प्रभावकारी देखिएको चर्चा गरे । स्थानीय सरकारले कोरोना भाइरस संक्रमण रोक्न उल्लेख्य भूमिका निर्वाह गरेको बताउँदै उनले भने, 'नेपालमा स्थानीय सरकार नभएको भए केन्द्रीय सरकारले कोरोना महामारीमा केही गर्न सक्दैनथ्यो, जनता भकाभक मर्थे, कोरोना संक्रमण रोक्न र जनताको सुरक्षामा स्थानीय सरकारले धेरै काम गरेको छ, मध्यपुरथिमि नगरपालिका त नमुना नै सावित भयो, यहाँबाट हामीले पनि धेरै सिक्यौँ ।' कोरोनाको तेस्रो लहरसँग जुध्न तयारीमा सबै स्थानीय तह रहनुपर्ने भन्दै उनले पाटन दरबार क्षेत्र र सार्वजनिक क्षेत्रमा 'नो मास्क नो इन्ट्री अभियान' पनि चलाएको बताए ।

त्यसअवसरमा मध्यपुरथिमि नगरपालिकाका प्रमुख श्रेष्ठले कोरोना भाइरस दिनदिनै बढ्दै गएको र तेस्रो लहरको जोखिम बढेको अवस्थामा नेपाल मास्क अभियान मध्यपुरबाट सुरु गरिएको बताए । कोरोना प्रतिकार्यमा सफल व्यवस्थापन स्थानीय तहले गरेको छ भन्दै उनले कोरोनाबाट बच्ने सजिलो र सस्तो तरिका मास्कको सही प्रयोग नै भएको बताए । उनले सबै नागरिकसम्म भ्याक्सिन नपुगेसम्म मास्क अभियानले कोरोना संक्रमण कम हुन्छ भन्ने विश्वास रहेको भन्दै मास्क अभियानले कोभिडको तेस्रो लहरलाई परास्त गर्न कोशेढुंगा सावित हुने दाबी गरे ।

'थिमिमा आजबाट २० पटकसम्म धोएर पुनः प्रयोग गर्न मिल्ने बंगलादेशबाट आएको पाँच लाख मास्क वितरण गर्छौं, त्यसका लागि १५ जना स्वयंसेवक प्रत्येक घरघरमा पुगेर मास्क वितरण गर्दै मास्क कसरी प्रयोग गर्ने भनेर सिकाउने छन्,' नगर प्रमुख श्रेष्ठले भने, 'अमेरिकाबाट तीन करोड मास्क आउँदै छ, त्यो मास्क उपत्यका मेयर फोसममार्फत उपत्यकाका सबै पालिका र देशभरका पालिकामा वितरण गर्ने अभियान चलाइनेछ ।' स्वयंसेवकले एउटा घरमा तीन जना वा कम सदस्य भए २५ वटा मास्क र तीन जनाभन्दा बढी सदस्य भए एक प्याकेट अर्थात् ५० वटा मास्क निःशुल्क वितरण गर्नेछन् ।

कोरोना भाइरसको तेस्रो लहरलाई परास्त नगरेसम्म मास्क लगाउन छाड्दैनौँ भन्ने प्रतिबद्धता आवश्यक रहेको बताउँदै उनले मध्यपुरथिमि नगरपालिकाले नेपाल-कोरिया मैत्री नगरपालिका अस्पताललाई पालिकामै पहिलो अक्सिजन प्लान्ट, नेपालमै दोस्रो पिसिआर मेसिन जडान गरेको, तेस्रो लहरको तयारीका लागि २५ शैय्याको एचिओ, १५ शैय्याको आइसियु, ६ शैय्याको पेराटिक आइसियु र १० शैय्याको भेन्टिलेटर तयारी अवस्थामा राखेको बताए । त्यसअवसरमा मध्यपुरथिमि नगरपालिकाका उपप्रमुख अञ्जनादेवी मधिकर्मी, वडा नं. ४ का वडाध्यक्ष कुमार श्रेष्ठले मास्क हातमा, गोजीमा र चिउँडोमा लगाउने प्रवृत्ति अन्त्य गर्दै सही तरिकाले मास्क लगाउन सिकाउनुपर्ने आवश्यकता औँल्याए । रासस

# विभिन्न जिल्लामा निषेधाज्ञा थप

■ प्रभाव संवाददाता



**धनगढी-** कैलाली र कञ्चनपुर र झापामा स्थानीय प्रशासनले १० भदौसम्म निषेधाज्ञा थप गरेको छ । त्यस्तै रूपन्देहीमा जारी निषेधाज्ञा १५ भदौसम्म लम्बिएको छ भने डोटीमा ३१ भदौसम्म निषेधाज्ञा थप गर्ने निर्णय गरिएको छ ।

सोमबार कैलालीका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले कोभिडको तेस्रो लहरको सम्भावना कायम रहेको भन्दै जारी निषेधाज्ञालाई १० भदौसम्म जिल्लाभर निरन्तरता दिने आदेश गरेका छन् ।

प्रजिअ रिजालद्वारा जारी आदेशमा सार्वजनिक स्थानमा हिँड्डुल गर्दा अनिवार्य मास्कको प्रयोग गर्न आग्रह गरिएको छ । मास्कको प्रयोग नगर्नेलाई प्रचलित कानुन बमोजिम मंगलरबारदेखि नै जरिवाना गरिने पनि प्रशासनले जनाएको छ ।

जारी आदेशको पालन गर्न अनुरोध गर्दै उल्लंघन गर्नेलाई प्रचलित कानुनबमोजि कारबाही हुने कुरासमेत आदेशमा उल्लेख गरिएको छ ।

कञ्चनपुरमा पनि १० भदौसम्मका लागि निषेधाज्ञा थप गरिएको छ । प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेले सोमबार नयाँ भेरियन्टसहितको संक्रमण दरमा कमी आए पनि जोखिम कायमै रहेको भन्दै निषेधाज्ञा थप गर्ने आदेश गरेका हुन् ।

जारी आदेशअनुसार मानिसको बढी भीडभाड हुने सबै प्रकारका सम्मेलन, संग्रहालय, सिनेमा हल, पार्टी प्यालेस, रेस्टुरेन्ट, खेलकुदलगायत कार्यक्रम सञ्चालन गर्न पाइने छैन । त्यस्तै शैक्षिक संस्थाहरूले भौतिक रूपमा उपस्थित गराउन पाउने छैनन् ।

त्यस्तै रूपन्देहीमा जारी निषेधाज्ञा भदौ १५ गतेसम्मका लागि लम्बिएको छ । सोमवार बसेको डिसिसिएिमसीको बैठकले भदौ १५ गते राति १२ बजेसम्म निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय रूपन्देहीका प्रवक्ता सहायक प्रमुख जिल्ला अधिकारी विजयराज पौडेलले जानकारी दिए ।

तिज नजिकिँदै गरेकाले विभिन्न होटल तथा पार्टी प्यालेसमा कार्यक्रम गर्दा कोरोना संक्रमणको जोखिम बढ्ने भएकाले निषेधाज्ञालाई निरन्तरता दिइएको छ ।

कोरोना संक्रमण तीव्र रूपमा बढ्दै गएपछि वैशाख १६ गतेबाट जिल्लामा निषेधाज्ञा जारी भएको थियो । संक्रमणदर घट्दै गएपछि असारबाट निषेधाज्ञा क्रमशः खुकुलो गर्दै लगिएको छ । अहिले व्यापार व्यवसाय तथा यातायात सबै सञ्चालन भइसकेका छन् ।

पर्वलाई लक्षित गर्दै हुने सामूहिक कार्यक्रममा कडाइ गरिने छ भने यसअघि जारी भएको आदेशलाई निरन्तरता दिने निर्णय जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र डिसिसिएमसीले गरेको प्रवक्ता पौडेलले बताए ।

डोटीमा पनि एक महीना निषेधाज्ञा थप गरिएको छ । जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) को बैठकले डोटीमा भदौ ३१ गतेसम्म निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो ।

निषेधाज्ञाको समयमा जिल्लाभित्र यातायातका सम्पूर्ण सवारीसाधन चलाउन भने पाइनेछ । पार्टी प्यालेस, जिमखाना र स्विमिङ पुलबाहेकका अन्य सबै प्रकृतिका पसलहरू बिहान ६ बजेदेखि साँझ ७ बजेसम्म सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी खोल्न पाइने डोटीकी निमित्त प्रमुख जिल्ला अधिकारी किरण जोशीले बताइन् ।

निषेधाज्ञाको समयमा अनावश्यक हिँड्डुल गर्न, भीडभाड गर्न, कुनै प्रकारका भेला जात्रा महोत्सव, सभा, सम्मेलन, तालिम गोष्ठी, खेलकुदलगायत सञ्चालन गर्न नपाइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । शैक्षिक संस्था, प्रशिक्षण केन्द्र ट्युसन सेन्टर भर्चुअल माध्यमबाट मात्र सञ्चालन गर्न सकिने जनाएको छ ।

कोरोना महामारीको उच्च जोखिममा रहेको झापामा स्थानीय प्रशासनले सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालन खुला गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले सोमबार रातिदेखि लागू हुने गरी निषेधाज्ञा १० दिन थप गरेको छ । तर सवारीसाधन सञ्चालन भने खुला गरिएको छ । यसअघि पछिल्ला निषेधाज्ञामा सवारी साधन सञ्चालन गर्न पाइने व्यवस्था थिएन ।


## कतारमा रोजगारको अवसर

**Gulf Laboratories Co.WLL** Qatar, Doha

पुर्व स्वीकृति मिति २०७८/04/३२ | पत्र संख्या: ०७८/७९ | चलानी नं.: ६०१६१५०४ | LT No. 243918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 07 | 00 | सम्बन्धित काममा दक्ष | 1000 | ३२३५० | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफैं | दिने कं. नि. अनुसार | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: निःशुल्क**

**फाइनल अन्तर्वार्ता कम्पनीको कार्यालय तीनकुने काठमाडौंमा मिति २०७८ भाद्र ८ गते (Aug 24, 2021) हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.** श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ, Email: ars@arabrecruiting.com
फोन: ४१११५६०, ९८५१०८४६७५, फ्याक्स: ४१११६२३

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RED WINGS TRADING CONSTRUCTION & SERVICES CO.**

पूर्व स्वीकृति मिति २०७७/११/२१ | पून : विज्ञापन स्वीकृति मिति २०७८/04/३२ | LT. No. 236458 | चलानी नं ६०१५५०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANING WORKER | 1 | 0 | 1000 | ३२,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR | 5 | 0 | 1000 | ३२,३५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भाद्र ८ गते (24th Aug.2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१


## KAMALAMAI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE, SINDHULI

*Invitation for e-Bids for the* **works specified in the table hereunder.**

### INVITATION FOR BIDS

Date of publication: **17th August 2021**

1. ***Kamalamai Municipality, Office of The Municipal Executive*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***works specified in the table herewith under*** National Competitive Bidding procedures. The estimated amounts for the works are as ***stated in the table herewith.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically only, should deposit the cost Nrs. 3,000.00 (Nrs. Three Thousands) non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijya Bank, Sindhuli
   Name of Office: Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli
   Office Account no.: 1060100301010003
4. Pre-bid meeting shall be held at ***Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli*** at ***1st September 2021.***
5. Electronic bids must be submitted to the office ***Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli*** by PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 P.M.*** on ***16th September 2021.***
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 P.M.*** on ***16th September 2021*** at the office of ***Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli.*** Bids must be valid for a period of ***90 Days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as specified in the table herewith**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT, P.S., Contimgencies (NRs.) | e-Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/NCB/ 01/078/079 | Slab culvert construction work, Kamalamai Municipality-5, Ranikhola, Sindhuli | 2,578,018.24 | 82,000.00 |
| KMU/SIN/Work NCB/ 02/078/079 | Safe House Compound Wall Construction, Kamalamai Municipality-7, Majhitar | 5,145,707.88 | 160,000.00 |
| KMU/SIN/Work/NCB/ 03/078/079 | Ekpakhe-Chhatiwan-Sikre-Tinpatan R.M. Road Construction Work, Kamalamai Municipality-7 & 11, Sindhuli | 16,832,951.16 | 490,000.00 |
| KMU/SIN/Work/NCB/ 04/078/079 | Dobhantar-Dandatole Black Topped Road Construction, Kamalamai Municipality-10, Sindhuli | 16,826,522.54 | 490,000.00 |
| KMU/SIN/Work/NCB/ 05/078/079 | Keware-Kerabari Road Upgrading work, Kamalamai Municipality-2,4,7, Sindhuli | 1,68,26,663.94 | 490,000.00 |

**(Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मुद्दाको छिटो किनारा लगाऊ

पछिल्लो समय न्यायालयले मुद्दा छिनोफानोमा ढिलासुस्ती गरेको देखिन्छ । न्यायालयमा अत्याधिक अनियमितता भएको भनेर भनिएको छ । यसलाई न्यायमूर्तिहरू संलग्न भएकै समितिले स्वीकार गरेको छ । मुद्दा ढिला हुनु भनेको न्याय नपाउनु जत्तिकै हो । कुनै बेला न्याय नपाए गोर्खा जानु भन्ने उखान अहिलेका लागि उखान भएको छ । त्यसो त कालोबजारी गर्नेहरूलाई पाँच जनाको अगाडि ल्याएर छानबिन गर्ने र प्रमाणित भयो भने मृत्यु दण्ड दिँदासहित कुनै खतबात नलाग्ने भनेर राणा शासन कालमा अत्यन्तै प्रचलित भनाइ थियो । तर, अहिले भने कालोबजारी गर्नेहरू नै धमाधम छुट्न थालेका छन् । त्यो पनि सजाय काटेर होइन, निर्दोष सावित भएर । यहि कारण न्याय मर्न थालेको देखिएको छ । यहाँ न्यायालय कै कमजोर छ भन्न खोजिएको होइन । यहाँ त मुद्दाको सुरु तहकिकात गर्नेहरूले देखिसमेत यस्तो गलत काममा संलग्न हुन सक्छन् ।

त्यसो त कतिपय मुद्दाहरू न्यायालयमा नै थन्किएर रहेका छन् । पहुँचको भरमा मुद्दा सुनवाइ हुने कि नहुने भन्ने विषयले प्राथमिकता पाउन थालेको छ । अरु त के कतिपय बलात्कारका मुद्दाहरू अहिलेसम्म रोकिएका छन् । सर्वोच्चमा ११ वर्ष पुरानो बलात्कार मुद्दा रोकिएको भन्ने समाचार बाहिर आएको छ । सुनसरीको इनरूवास्थित कलेज पढेर फर्किँदै गर्दा भएको सामूहिक बलात्कारको घटना अदालत पुगेको दस वर्षसम्म पनि अन्तिम फैसला हुन सकेको छैन । यहाँ पीडित झन् पीडामा परेको देखिन्छ । यो मुद्दा सर्वोच्च अदालत आएकै सात वर्ष भइसक्दा पनि छिनोफानो नहुनु भनेको न्याय नपाएसरह मान्नुपर्छ । बलात्कारजस्तो गम्भीर अपराधमा संलग्नहरू व्यक्तिहरू समाजमा खुलेआम हिँड्डुल गर्दा पीडितको मन कस्तो भयो होला ?

बलात्कारजस्तो घटनामा प्रहरीको छानबिन फितलो भएको देखिन्छ । खासमा प्रहरीको छानबिनले नै बलात्कारीहरू फुत्किरहेका छन् । पहुँचको अधारमा बलात्कारीहरू छुट्ने गरेका छन् । स्वास्थ्य परीक्षण नतिजामा भने कन्याजाली च्यातिएको र स्तन वरिपरि निलो डाम भेटिएको भनेर प्रतिवेदन आएको भए पनि यस्तो गम्भीर विषयमा न्यायालय चुक्नु अत्यन्तै दुःखद मान्नैपर्छ । यस्तो प्रमाण भएको अवस्थामा पनि पर्याप्त प्रमाण नभएको भन्दै प्रहरीले किटानी जाहेरी लिन नमानेर कानुनी राज्यको खिल्ली उडाउने काम भएको छ । प्रहरीले उजुरी नलिएपछि अदालत गुहार्नु पर्दा सर्वसाधारणको मन कस्तो होला ? पछि न्यायालयले दोषी करार गरे पनि उनीहरू आजसम्म कारबाहीको परिधिभित्र नपर्नु अत्यन्तै दुःखद मान्नुपर्छ । न्यायालयले समयमा फैसला गर्न नसक्नु भनेको न्यायालयको कमजोरी हो । न्याय सबैका लागि बराबार हुनुपर्छ । अन्यथा न्याय हुनु र नहुनु एउटै हुन्छ । बलात्कार जस्तो गम्भीर अपराधमा संलग्न जो कोही भए पनि कानुनको दायरामा ल्याउनु आवश्यक छ । बलात्कारको आरोप जस्लाई पनि लाग्दैन र यस्तो अपराधमा प्रहरीले पनि छानबिनमा कुनै कमजोरी गर्नु हुँदैन । तर, पहुँचको भरमा बलात्कारीलाई बचाउन खोजियो भने यसले जनताले न्यायालयप्रति विश्वास गर्न छाड्न सक्छन् ।

# नयाँ ट्याक्सीको दर्ता खोल्न लबिङ

अनुषा थापा

उपत्यकामा सञ्चालित ट्याक्सीको इतिहास खोतल्ने हो भने नेपालमा २९ वर्षदेखि नयाँ ट्याक्सीको दर्ता खोलेको छैन । २०५७।२।१७ गतेबाट बन्द भएको कालो प्लेटको ट्याक्सीको दर्ता अझै पनि खोलेको छैन । अनि कँहा हट्यो त सिन्डिकेट ।

सिन्डिकेट कागजमा त हट्यो तर काममा हटेन । ट्याक्सीमा सिन्डिकेट भएको कारणले सर्वसाधारणले भनेको बेलामा ट्याक्सी पाउँदैनन् । अहिले उपत्यकामा भएको ट्याक्सीहरू सबै थोत्रा, कबाडी छन् । भक्तपुरको गठ्ठाघरको नागरिक अस्पतालबाट डिस्चार्ज भएर सानमाया कार्कीमा गुण्डु जानका लागि ट्याक्सीले १००० रुपियाँ माग्यो । ट्याक्सी मिटरमा जान मानेनन् । उनी १००० रुपियाँ तिरेर आफ्नो गन्तव्यस्थल जान बाध्य भइन् । ट्याक्सी मिटरमा हिँड्दैनन ।

यात्रुले भनेको ठाँउमा जान मान्दैनन् । गठ्ठाघरबाट गुण्डु ३/४ किमी होला । ट्याक्सीमा चढ्नेबित्तिकै १४ रुपियाँ आउँछ । प्रत्येक किमी सरकारले निर्धारण गरेअनुसार ३९ रुपियाँ छ । मिटरमा यात्रु नबोक्ने ट्याक्सीलाई यातायात व्यवस्था विभाग र ट्राफिक महाशाखाले कारबाही गर्नुपर्ने होइन । ट्याक्सीको नयाँ दर्ता ७ वटै प्रदशेमा बन्द छ । उपत्यकाको भन्दा बाहिर जिल्लाको जनताले बिरामी हुँदाखेरि पनि ट्याक्सी पाउँदैनन् ।

उपत्यकामा सञ्चालित ट्याक्सीहरू सबै ७९६ सिसीको छ । अहिले भएको ट्याक्सीहरू सबै झ्याम्पट छन् । जसले उपत्यकाको सुन्दरतालाई नै कुरूप बनाइदिएको छ । यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले ट्याक्सी सञ्चालन गर्नका लागि मापदण्ड बनाएर पारित गरेको थियो । पारित गरेको मिति २०७६।५।३० गतेको मन्त्रिपरिषद्को बैठ्कले । नयाँ ट्याक्सीको दर्ता तत्कालै खोल्ने भनेको थियो ।

अब सरकारले खोल्ने नयाँ ट्याक्सीको दर्ता हजार सिसीको भन्दा माथिको मात्र दर्ता गर्न दिने भनेको थियो । सरकारले खोल्ने भनेको ट्याक्सीहरू लक्जरियएस हुने भनेर सरकारले आश्वासन मात्र दिए । सरकारले राम्रो ट्याक्सीको दर्ता खोल्दा सरकार र जनतालाई फाइदा हुने भो तर अहिले सञ्चालनमा भएको ट्याक्सीहरूलाई घाटा पर्ने भनेर अहिले सञ्चालनमा भएको ट्याक्सी व्यवसायीले सरकारलाई नयाँ ट्याक्सीको दर्ता खोल्न दिएनन् । ट्याक्सी व्यवसायीहरू सरकारलाई नयाँ ट्याक्सी खोन नदिन विभिन्न मागहरू राख्दै आन्दोलन गदै सिन्डिकेट लाउन सफल भए । पैसा तिरेर पनि सर्वसाधारणहरू सेवासुविधा लिनबाट जनता वञ्चित भए ।

तर, पनि यातायात व्यबस्था विभाग र यातायात मन्त्रालय नयाँ ट्याक्सीको दर्ता खोल्न किन चासो देखाइरहेको छैन । कही यहाँ पनि आर्थिक चलखेलले त ठूलो भूमिका खेलेको छैन भनी धेरै आमसर्वसाधारणको मनमा प्रश्न उब्जिएको छ ।

विगत २९ वर्षदेखि ट्याक्सीले खुलेआम जनता लुटिरहेको छ । जनताले ट्याक्सी व्यवसायले भनेजत्ति पैसा तिरेर पनि राम्रो सेवासुविधा पाएको छैनन् । तीन जना मोटामोटा मान्छे ट्याक्सीमा अट्दैन् ।

ट्याक्सीको परमिट उपत्यकामा मात्र छ । उपत्यका बाहिर ट्याक्सीको परमिट् छैन । दुर्गम जिल्लाका नागरिकहरूले बिरामी हुँदा पनि ट्याक्सी पाएका छैनन् ।

उपत्यका बाहिरको सर्वसाधारणहरू चाहिँ नेपालको जनता होइनन् । के उनीहरूलाई चाहिँ ट्याक्सी चढ्न मन लाग्दैन । सरकारले नै किन हामीमाथि यत्रो विभेद् गरेको होला भन्ने प्रश्न धेरै जिल्लाको सर्बसाधारणको मनमा खस्किएको छ । सरकारले नै हामीलाई किन छुट्टयाएको ? भन्ने पनि धेरैको मनमा परेको छ ।

अरु जिल्लाको त कुरै छाड्देऔं । उपत्यकामा भनेको बेलामा ट्याक्सी पाउँदैन । ट्याक्सी चढ्नका लागि मात्र उपत्यकामै कत्ति हिँड्नुपर्छ । पुतलीसडक र बागबजारमा मात्र ट्याक्सी देखेर उपत्यकामा ट्याक्सी फालाफाल छ भन्न मिल्दैन नि ।

ट्याक्सीमा यस्तो विकृति छ । नयाँ ट्याक्सीको दर्ता किन नखोलेको भनी यातायात व्यवस्था विभागको डिजी नवराज घिमिरेलाई प्रश्न गर्दा उनले ठाडो रूपमा जवाफ फर्काए । उनले भने के उपत्यकामा ट्याक्सी कम छ र ? यहि भएको ट्याक्सी त बढी भइसक्यो । उनले व्यवसायीको पक्षमा रहेर जवाफ दिए ।

व्यवसायीको पक्षमा रहेर जवाफ दिनुमा पनि उनको केही स्वार्थ अवश्य नै होला । तर, व्यवसायीभन्दा पहिला जनता आउँछन् । नयाँ ट्याक्सीको दर्ता खोल्दा अहिले सञ्चालनमा भएको ट्याक्सीको मूल्य घट्छ । ट्याक्सीको दैनिक आम्दानी घट्छ । ट्याक्सीले अहिले जसरी जनता ठगिरहेको छन् । त्यसरी जनता ठग्न पाउँदैनन् ।

ट्याक्सीको दर्ता बन्द हुने बेलामा उपत्यकामा ट्याक्सीको संख्या ६५०० थियो । ५६५० ट्याक्सी पेट्रोलबाट चल्थ्यो भने बाँकी १८५० वटा डिजेलबाट चल्थ्यो । ०५७ सालपछि जनसंख्या तीन गुणाले बढेको छ । तर, ट्याक्सीको संख्या बढेको छैन ।

२०७२।२।२८ गते सरकारले १८५० ट्याक्सीको दर्ता खोल्यो । १८५० ट्याक्सी किन्नका लागि यातायात अञ्चल कार्यालयले १५ दिने सूचना जारी गरेको थियो २०७२।४।२० गते । १ जनाले १०१० रुपियाँ राजस्व तिरेर १५७५१ जनाले फर्म बुझाए ।२०७२।१२।२१ गते सरकारले १५०० ट्याक्सीको दर्ता खोलेको थियो । २०७३।४।५ गतेबाट १ महिनाको सूचना जारी गरेको थियो । भूकम्पपीडितका लागि ट्याक्सीको दर्ता खोलेको थियो । १ जनाले ११० रुपियाँ राजस्व तिरेर १ महिनाको अवधिमा १४९५५८ जनाले फर्म बुझाए । १५०० ले ट्याक्सी पाए अरुले ट्याक्सी पाएनन् ।

ट्याक्सी मिटरमा हिँड्न मान्दैनन् । ट्याक्सी चढ्नेबित्तिकै कुनै सुविधाको प्रयोग नगरिकन यात्रुले १४ रुपियाँ तिर्नपर्छ । अहिले सञ्चालनमा भएको ट्याक्सीहरूले यात्रुले भनेको ठाँउमा जान मान्दैनन् । ट्याक्सीमा सिन्डिकेट अझै पनि कायमै छ । ट्याक्सीमा विगत ३ दशकदेखि एउटै व्यवसायले एकलौटी व्यवसाय गरिरहेको छन् ।

अझै पनि २० वर्षे पुराना स्क्र्याब गरेको नम्बर प्लेटमा नयाँ ट्याक्सी दर्ता भइरहेको छ । एउटा स्क्र्याब गरेको नम्बर प्लेट १०।११ लाखमा बिक्री बितरण भइरहेको छ । जसले गर्दा उपत्यकामा सरकारले नयाँ ट्याक्सीको दर्ता खोल्दा व्यवसायीहरूले त्यत्तिकै नम्बर प्लेट पाउँछन् । नम्बर प्लेट सित्तैमा पाउँदा ट्याक्सीको मूल्य पनि कम हुन्छ । र, यात्रुले तिर्नुपर्ने भाडा पनि कम हुन्छ । १०।११ लाखमा स्क्र्याब गरेको नम्बर प्लेट खरिद गर्दा यसको पैसा यात्रुसँग लिने गर्छन् ।

जत्ति ट्याक्सीको मूल्य कम हुन्छ त्यत्ति नै भाडा पनि कम हुन्छ । सरकारले नयाँ ट्याक्सीको दर्ता खोल्दा एउटा ट्याक्सीको मूल्य १८ लाखसम्म पर्न जान्छ । अहिले एउटा नयाँ ट्याक्सीको मूल्य ३१ लाखसम्म पर्न जान्छ । यातायात व्यबसायीहरूको अनुसार ट्याक्सीको भाडा महँगो भएको कारण सरकार नै हो ।

सार्वजनिक यातायात केन्द्रीय महासंघका महासचिव भरत नेपालले सरकारलाई नयाँ ट्याक्सीको दर्ता खोल्न नदिने बताएका छन् । यदि सरकारले नयाँ ट्याक्सीको दर्ता खोल्ने हो भने हामी सरकारको विरोधमा सडक आउछौं भनेर उनले सिधै सरकारलाई नै धम्की दिए ।

ट्याक्सी चालकले ट्याक्सी साहुलाई दैनिक २४ घन्टाको १९०० रुपियाँ बुझाउँछ । दिउँसो चलाउने चालकले साहुलाई १००० बुझाउँछ । राति चलाउनेले ९०० बुझाउँछ । त्यही पनि पेट्रोल हालेर । यो पैसा जनतासँग उठाउँछन् । मिटरमा नहिँडेर हुन्छ कि जनता ठगेर ।

एयरपोर्टमा सञ्चालनमा भएको ट्याक्सी सबै हरियो प्लेटमा दर्ता भएको छन् । ०५० सालदेखि एयरपोर्टमा नयाँ ट्याक्सीको दर्ता बन्द छ । एयरपोर्टमा ट्याक्सीको दर्ता बन्द हुने बेलामा त्यहाँ जम्मा २०७ वटा ट्याक्सी सञ्चालनमा थिए । एयरपोर्टमा अहिले पनि २०७ वटै ट्याक्सी सञ्चालनमा छन् । सरकारले देशैभरिबाट २० बर्षे पुराना गाडी विस्थापन गर्ने भने पनि एयरपोटको ट्याक्सीहरू किन विस्थापन भएन ।

एयरपोर्टमा सञ्चालनमा रहेको ट्याक्सीहरू मिटरमा हिँड्दैनन् । एयरपोर्टमा भएको ट्याक्सीहरू सबै पुराना, थोत्रा, कबाडी र झ्याम्पट छन् । यात्रुले भनेजत्ति पैसा तिरे पनि एयरपोर्टको ट्याक्सीले राम्रो सेवासुविधा दिन सकेको छैन । एयरपोर्टको ट्याक्सीहरूले जनता ठगेर मनलागी पैसा उठाइरहेको छ । एयरपोर्टको ट्याक्सीहरूमा अनुगमन छैन ।

कोरोनाको कारणले धेरै मान्छेहरू बेरोजगार भएका छ । सरकारले नयाँ ट्याक्सीको दर्ता खेलिदिने हो भने धेरै मान्छेले रोजगारी पाउँछन् ।

## मननयोग्य

# विदुर नीति

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

जुवाडेले त्यस्को तारिफ गर्दछन्, साथै वेश्याहरू र चाटुकारहरू समेतले प्रशंसा गर्ने गर्दछन् भने त्यस्तो मान्छे बाँचिरहँदैन अर्थात ऊ शीघ्र नष्ट हुनजान्छ । हे धृतराष्ट्र ! तपाईले महान् धनुर्धर र अत्यन्त तेजस्वी पाण्डवहरूलाई छाडेर यो महान् ऐश्वर्यको भार दुर्योधनउपर राखिदिनुभयो । तीनैलोकको साम्राज्यबाट जसरी दानवीर बलिराजा च्यूत भए थे, तपाईले पनि अब त्यसैगरी यो हस्तिनापुरको साम्राज्यबाट दुर्योधनादि कौरवहरू भ्रष्ट (पटन) भएको देख्नुहुनेछ ।

हे विदुर ! मानिस ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन । धागोमा बाँधेर कठपुतलीलाई नचाए झैं गरेर प्रारब्धले मानिसलाई नचाईराखेको छ । यस्तो कसरी भएको हो तिमी भन्दै जाऊ, म सुनी नै रहन्छु । कुनै भने मघुर बोलीले (मिजासिलो स्वभाव) ले गर्दा प्रिय बन्न सक्तछ । तर वास्तवमा जो लोकप्रिय छ ऊ सधैंभरि सर्वप्रिय नै भइरहन्छ ।

मानिसले जसलाई द्वेष गर्छ, यसरी द्वेष गरिने व्यक्तिलाई उसले सज्जन, विद्वान् र बुद्धिमान् ठान्दैन । मन परेको व्यक्ति (मित्र) द्वारा गरिने सबै राम्रा नराम्रा कामहरू शुभ नै लाग्ने गर्छन्, परन्तु द्वेष गरिएको अथवा मन नपरेको व्यक्ति (दुस्मन) ले गर्नु पुण्य कामहरू नै छन् तापनि सदैव अशुभव वा पापमय हुन जान्छन् ।

हे राजाराज धृतराष्ट्र ! मैले (विदुरले) दुर्योधन जन्मना साथै उसलाई हेरें । जुन लक्षणहरू उसमा देखेथें अनि मैले तपाईलाई भनें यो एउटा छोरोलाई त्यागिदिनुहोस्, यस त्यागले अरु सय छोरा बढ्नेछन् यदि यसलाई नत्याग्ने हो भने सयवटा छोरा नै घट्नेछन् ।

क्रमशः

## पत्र-मञ्जुषा

# आरक्षण हटाइनु दुर्भाग्य

**सम्पादकज्यू,**

आरक्षणसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले गरेको फैसलालाई दुर्भाग्य मान्नु पर्छ । सदियौँदेखि कुनै एक समूह विशेषले मात्र राज्यको प्रमुख तहमा बसेर काम गर्दा उसले आफ्ना वरिपरिकालाई मात्र उक्त स्थानमा सिफारिस भए, जसका कारण शासन सत्ता र प्रशासनको एउटा तहमा कुनै एक समूह विशेषको हालीमुहाली छ नै । यो तीतो सत्य हो । अहिले सदियौँदेखि तल्लो तहमा राखिएकाहरूलाई माथि उकास्नका लागि राज्यले ती तह र वर्गलाई कुनै न कुनै रूपबाट क्षतिपूर्ति दिनै पर्छ, कानुन आफ्नो स्थानमा होला तर यहि देशको नागरिक भएर पनि सदियौँदेखि तल्लो तहमा राखिएकाले उनीहरूलाई राज्यको तर्फबाट कुनै न कुनै रूपले क्षतिपूर्ति दिनकै लागि राज्यले आरक्षणको व्यवस्था गरिएको हो । यसलाई पनि एकपटक मात्र दिनु उचित हुने भनेर फैसला हुनुलाई दुर्भाग्य भन्नैपर्छ ।

कानुन भन्ने चिज कहिलेकाहीँ व्यवहारलाई हेरेर बनाइनुपर्छ, जस्तै नेपालको कुनै एक समूहमा फुपूचेलाबीच बिहाबारी चल्छ, यता यसलाई हेर्ने हो भने यो त हाडनाता हो । तर, त्यो समूहमा यो कानुन लागू हुने हो सबैले अहिले जेल जीवन यापन गर्नुपर्थ्यो । त्यहाँ व्यवहारिक कानुन लागू गरिएको हुन्छ । यहि कानुन यहाँ लागू गरिनुपर्थ्यो । दलित, जनजाति, लैंगिक र अन्य पिछडिएका जातिहरूको आरक्षण सम्बन्धमा व्याख्या गर्दै उत्प्रेषणको आदेशसहितको गरेको फैसला कानुन बमोजिम होला तर पिछडिएका समूह अब झन् पछि पर्ने भएका छन् । सर्वोच्च अदालतले आरक्षणसम्बन्धमा गरेको फैसलाले आम पिछाडिएका समूहहरूमाथि अन्याय हुने देखिन्छ । सदियौँदेखि पछाडि परेका जाति, समुदाय वा क्षेत्रका जनतालाई अन्य विकसित जाति, समुदाय वा क्षेत्रका जनताको सम कक्षमा ल्याउन त्यसप्रकारको आरक्षणले निर्णयात्मक महत्व राख्छ । तर, यसलाई हटाइँदा ती वर्गहरू फेरि पछाडि पर्ने भएका छन् ।

स्पष्ट र सही कानुनको अभावमा अहिले पनि आरक्षणको सुविधा प्राप्त जाति, क्षेत्र वा समुदायहरूका उच्च र सम्पन्न तप्काहरूले नै पटक पटक फाइदा उठाइएको भने हो । तर, निम्नवर्गीय वा लक्षित समुदायहरूलाई त्यो आरक्षण सुविधा लिँदा राज्यलाई केही बेफाइदा छैन । यत्ति मात्र होइन, कि यो व्यवस्थाबाट पिछडिएका वर्गहरूमाथि न्याय हुने देखिन्छ । मानव विकास सूचकांकको आधारमा पिछडिएका वा निम्नवर्गीय समुदायहरूलाई फाइदा पुग्ने गरेर नै आरक्षणको सुविधा व्यवस्था गर्दा यसबाट ती समुदायले राज्यबाट क्षतिपूर्ति पाएको अनुभव गर्नेछन् । वास्तविक रूपमा पिछडिएका जनसमुदायहरू वा लक्षित वर्गमा सुविधा पुग्न सक्ने गरी कानुन तर्जुमा गर्नका लागि अदालतबाट आदेश जारी हुनुपर्छ । तर, आरक्षण व्यवस्था नै खारेज गरिनु चाहिँ कुनै पनि कोणबाट सही देखिएको छैन । यस्तो अवस्थामा पिछडिएका वर्गहरू झन् पिल्सिने हुनाले यसलाई कुनै न कुनै तरिकाले सम्बोधन गरिनुपर्छ । यसका लागि राज्यले यो या त्यो भन्दै सोलोडोलो कानुन बनाएर आरक्षणको नाममा हुने खाने वर्गले यसको फाइदा लिने गरी बनाइनु हुँदैन ।

- *रमेश राई, खोटाङ ।*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# पशुपतिमा भक्तजनको भीड

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन महिनाको प्रत्येक सोमबार हिन्दू नारीहरूले भगवान शिवको आराधना गरी मनाउने गर्दछन् । प्रत्येक सोमबार व्रत बसी देशभरका शिवालयमा पूजा आराधना गर्ने प्रचलन पछिल्लो दुई वर्ष यता कोरोना महामारीको कारण बिथोलिएको छ । कोरोना भाइरसको संक्रमण फैलनसक्ने भन्दै मन्दिरहरू खुला नगरिँदा भक्तजनले मन्दिरमा पूजाआराधना गर्ने अवसर पाएका थिएनन् । देशभरका शिवालय मन्दिरमध्ये पशुपतिनाथको मन्दिरको विशेष महत्त्व छ । साउन महिनाको सोमबार पशुपतिमा पूजा आराधना गर्ने भक्तजनको भीड थामिनसक्नुको हुने गर्दछ । तर, अहिले पशुपतिको मूल मन्दिर पनि बन्द छ । बन्दको बीचमा पनि यस वर्षको साउन महिनाको अन्तिम सोमबार भक्तजनको उल्लेख्य भीड लागेको छ ।

वैदिक सनातन धर्मावलम्बीले साउनको पहिलो सोमबारदेखि महादेवको पूजा आराधनासहित सुरु गरेको व्रत सोमबार विधिपूर्वक गोदान र पूर्णपात्र गरी समापन गरेका छन् । साउन महिना र त्यसभित्र पर्ने सोमबारलाई शिवजीको महिना एवं बार भनी धर्मग्रन्थमा उल्लेख गरिएकाले यो महिनामा जलधारा मात्र दिए पनि शिवजी प्रसन्न भई इच्छा पूरा गरिदिने र पारिवारिक सुख शान्ति मिल्ने भएकाले सनातन धर्मावलम्बीले व्रत, तथा पूजा पाठ गर्दै आएका हुन् ।

धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ निर्णायक समितिका पूर्वअध्यक्ष प्राडा. रामचन्द्र गौतमले शिवजीले चन्द्रमालाई शीरमा धारण गरेकाले सोमबारलाई शिवजीको बारका रूपमा मानी यस दिन आराधना गर्ने गरिएको बताएका छन् । चन्द्रमासअनुसार साउने सोमबारको व्रत गरे पनि कर्कट राशीमा सूर्य भएको सोमबार विशेषरूपमा शिवजीको आराधना गर्नुपर्ने शास्त्रीयविधि रहेको उनी सुनाउछन् । यसवर्ष साउनमा ४, ११, १८, २५ र ३२ गते गरी पाँच वटा सोमबार परेकामा अन्तिम सोमबार व्रत विधिपूर्वक समापन गरिएको हो ।

नयाँ व्रत सुरु गर्नेले पाँचवटा सोमबार परेको वर्षबाट सुरु गर्नुपर्छ भनिए पनि यो कुरा शास्त्रसम्मत नभएको पूर्वअध्यक्ष गौतमको भनाइ छ । शास्त्रीय मान्यताअनुसार चारवटा सोमबार परेको वर्षदेखि पनि नयाँ व्रतालुले आराधना गर्न सक्छन् । यो व्रत लिनेले यस लोकमा सुख शान्ति पाउनका साथै परलोकमा सद्गति मिल्ने शिवपुराणलगायत धर्मग्रन्थमा उल्लेख छ । साउने सोमबार र तिजको हरितालिका व्रत महिलाले मात्र लिनुपर्छ भन्ने व्यवहारमा देखिए पनि शास्त्रीय मतअनुसार महिला पुरुष दुवैले यो व्रत गर्नुपर्छ । प्रायः महिलाले परिवारमा सबैको प्रतिनिधित्व गरेर व्रत बस्ने गरेका हुन् ।

धेरैले शिवजीको महिना भनी साउनमा मासु र मदिरा सेवन गर्दैनन् । शिवजीलाई जलधारा प्रिय हुने भएकाले यस महिनामा पवित्र तीर्थस्थलबाट जल लगेर पशुपतिनाथलगायत शिवालयमा चढाउने भक्तजनको भीड लाग्ने गर्छ । तर यसवर्ष नयाँ भेरियन्टसहितको कोरोना संक्रमणको जोखिम कायमै रहेका कारण बोल बम यात्रा भने विगत वर्षजस्तो हुन सकेन । भक्तजनले जल ल्याई पशुपतिमा चढाउन नपाए पनि फाट्टफुट्टरूपमा खुला रहेका शिवालयमा भने चढाएका छन् ।

वाग्मती मुहान क्षेत्र सुन्दरीजलबाट पशुपतिसम्म बोलबम गरी जल चढाउने गरिएकामा यस वर्ष कोरोनाकै कारण सम्भव भएन । भोलेनाथ काँवरिया तथा बोल बम काँवरिया संघलगायत संस्थाले यसवर्ष बोल बम काँवर यात्रा स्थगित गरेका थिए । धेरैजसोले घरमा प्रत्येक वर्ष साउनको कुनै एक दिन वैदिक रुद्राभिषेकसमेत गर्ने गर्छन् ।

साउनमा विशेष भीड लाग्ने पशुपतिनाथ मन्दिरलगायत ठूला शिवालय यसवर्ष कोरोनाको त्रासका कारण बन्द गरिएकाले भक्तजनले बन्द रहेको पशुपति मन्दिर परिसरबाटै दर्शन गर्दै आएका छन् । अन्तिम सोमबार भने पशुपति परिसरमा बिहानैदेखि उल्लेखनीय रूपमा भक्तजनको भीड लागे पनि मूल मन्दिरभित्र स्वास्थ्य सुरक्षाकै कारण प्रवेश गर्न नदिइएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाले जानकारी दिए ।

साउनको अन्तिम सोमबार राजधानीको उत्तरपूर्वी भेगमा रहेको गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा पनि भक्तजनको भीड देखिको थियो । मन्दिरमा भौतिक दूरी कायम गरी स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाएर दिउँसोसम्म दर्शन गर्न व्यवस्था मिलाइएको मन्दिर क्षेत्र प्रबन्ध समितिले जनाएको छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PROMINUM INTERPRESIS**

पूर्व स्वीकृति मिति: २०७८/०४/३१ LT. No.241065 चलानी नं.६०१५६९२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | MASON | 3 | 0 | 1100 | ३६,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1100 | ३६,०६९ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1400 | ४५,६८० | | | | | | | |

**कम्पनी : PETROCON ECC WLL**

पूर्व स्वीकृति मिति: २०७७/१०/१६ पून विज्ञापन स्वीकृति मिति: २०७८/०४/३२ LT. No.235891 चलानी नं.६०१५४३१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | MASON | 3 | 0 | 1100 | ३६,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1100 | ३६,०६९ | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1400 | ४५,६८० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ०८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

Licence No.: 811/065/066

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : UNICERAMIC-QATAR WLL**

पूर्व स्वीकृति मिति:२०७८/०४/२१ पून : विज्ञापन स्वीकृति मिति २०७८/०४/३१ LT. No. 243275 चलानी नं. ६०१६११०८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labourer | 10 | 0 | 1000 | ३२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Tech. | 5 | 0 | 1300 | ५२,३१५ | | | | | | | |
| 3 | Engineer | 2 | 0 | 4200 | १,३६,७१० | | | | | | | |
| 4 | ADMINISTRATIVE SUPERVISOR | 1 | 0 | 3000 | ९७,६५० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ७ गते (23th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**

Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4426852

Email: graceoverseasuj@gmail.com, Web: www.graceoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : COLOR HOUSE TRADING & CONTRACTING WLL**

पूर्व स्वीकृति मिति : २०७७/१०/२७ पून : विज्ञापन स्वीकृति मिति : २०७८/०४/३१ LT. No.236011 चलानी नं.६०१५४४६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | MASON | 1 | 0 | 1200 | ३९,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ३९,०६९ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ७ र ८ गते (23 & 24Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: नि:शुल्क कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himarab Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३१४/०५९/०६०

Airport, Kathmandu,Nepal, Tel +977-1-4112768/ 4112778 Ph:9801066233, 9843303500, 9842165125, 9813654635 Fax : 4112742

## छिपहरमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भिस्वा, पर्सा

प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सुचना

**सूचना प्रकाशित मिति: २०७८/०५/०१**

यस कार्यालयबाट चालु आ.व २०७८।०७९ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्रद्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उद्योग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

१. अधावधिक नबिकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७६।०७७ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी ( पछि फिर्ता नहुने ) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहिने बोलपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरी उक्त भाउचर बोलपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

६. सिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौटी खाता नं. **L6CA000187452404** मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिनेछ ।

८. संयुक्त उपकमको मध्यबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।

११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धि थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि. नं | ठेक्का नं. | कार्यको विवरण | लं.ई. र मु.अ.क. सहित रकम | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ९/०७८/०७९ | एल.पि.जि.ग्यास सिलिन्डर र चुल्हा सेट (१४ के.जी. ग्यास सहित सिलिन्डर, डब्बल बर्नर चुल्हा, १.५ मि. ग्सास पाईप, लाईटर र रेगुलेटर ) खरिद , छिपहरमाई गा.पा.-१ , मिर्जापुर | ३९,९८,४३७।७४ | १,००,०००।०० | ३,०००/- |
| २ | १०/०७८/०७९ | एल.पि.जि ग्यास सिलिन्डर र चुल्हा सेट (१४ के.जी. ग्यास सहित सिलिन्डर, डब्बल बर्नर चुल्हा, १.५ मि. ग्सास पाईप, लाईटर र रेगुलेटर ) खरिद , छिपहरमाई गा.पा.-३ , जयमंगलापुर | ४४,९८,२४२।४६ | १,१३,०००।०० | ३,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

# घरेलु फोहोर ननिकाल्न अपिल

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाबाट निस्किने फोहोर दिगो व्यवस्थापनमा अझैँ समस्या भइरहेको छ । नुवाकोटको बन्चरे डाँडामा निर्माणाधीन ल्याण्डफिल्ड साइट अझैँ निर्माण सम्पन्न नहुँदा फोहोर व्यवस्थापनमा समस्या देखिएको हो । हाल उपत्यकाको फोहोर व्यवस्थापन हुँदै आएको नुवाकोटकै सिसडोलमा बेलाबखत विभिन्न समस्या देखिँदै आएको छ । कहिले स्थानीयबासीको विरोध, कहिले फोहोर व्यवस्थापनमा देखिने प्राविधिक समस्याले फोहोर व्यवस्थापनमा समस्या देखिने गरेको थियो ।

पछिल्लो पटक भने सिसडोल जाने सडक वर्षाका कारण अवरुद्ध भएपछि काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा समस्या देखिएको छ । केही दिनदेखि जारी वर्षाका कारण सिसडोल जाने सडक बिग्रिएकाले काठमाडौं महागरपालिकाले महागरबासीलाई घरभित्रको फोहोर बाहिर ननिकाल्न अपिल गरेको छ । महानगरपालिकाको कार्यालयले सोमबार सार्वजनिक सूचना जारी गर्दै उपत्यकाको फोहोर विसर्जन स्थलसम्म पुग्ने सडक बिग्रिएकोले फोहोर घरबाट बाहिर ननिकाल्न आग्रह गरेको हो । 'ल्याण्डफिल्ड साइटको सडक केही दिनदेखि परेको अविरल वर्षाका कारणले बिग्रिन गई फोहोर विसर्जन गर्न नसकिएकोले केही समयका लागि फोहोर ननिकाली दिनुहुन अपिल गर्दछौं,' महानगरपालिकाले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

ल्याण्डफिल्ड साइट सञ्चालनमा आएपछि मात्रै फोहोर उठाउन नगरपालिका घरदैलोमा आउने सूचनामा उल्लेख गरिएको छ । नगरपालिकाले फोहोर नउठाएपछि काठमाडौंका सडकका छेउ-कुनामा फोहोर थुप्रिन सुरु भएको छ । अझै कति दिनपछि फोहोर उठ्छ भन्ने निश्चित छैन ।

काठमाडौं उपत्यकाको फोहोरमैला नुवाकोटको ककनी गाउँपालिका-२ स्थित सिसडोलमा रहेको ल्याण्डफिल्ड साइटमा अन्तिम विसर्जन गरिन्छ । तर, अहिले ल्याण्डफिल्ड साइट जाने सडक बिग्रेको छ । फोहोर विसर्जन गर्ने अर्को विकल्प नभएकोले सिस्डलमा समस्या हुँदा काठमाडौं बेलाबेलामा दुर्गन्धित बन्ने गरेको छ ।

# 'हेलो सिएम' कक्षमा गुनासो घट्यो

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा व्यवस्था गरिएको 'हेलो सिएम'(हेलो मुख्य मन्त्री) कक्षमा नागरिकको गुनासो आउन छाडेको छ ।

नागरिकमा गुनासो सम्बोधन हुँदैन भन्ने लागेर नै गुनासो नआएको हुन सक्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, योजना तथा अनुगमन शाखाका अधिकृत नरेन्द्र शाहले बताए । 'प्रदेश सरकारको अधिकार क्षेत्र र गर्नसक्ने कामका बारेमा जनताको बुझाइमा नै कमजोरी देखियो' उनले भने, 'तर पनि संघीय र स्थानीय तहका सरकार र कार्यालयद्वारा सम्बोधन हुनुपर्ने गुनासोसमेत सम्बोधन गर्न गराउन समन्वयकारी भूमिका निर्वाह गरिरहेकै छौं ।''

आउने गुनासोको सम्बोधनका लागि सम्बन्धित निकायमा लेखी पठाउने गरिएको र प्रदेश सरकार मातहतका कार्यालयमार्फत् सम्बोधन गर्न सकिने गुनासाको सम्बोधन भइरहेको शाहले बताए ।

जनताको गुनासो सम्बोधन गर्न र सुझाव प्राप्त गर्न कार्यालयको पहलमा छुट्टै सफ्टवेयर निर्माण भइरहेकोले यो सफ्टवेयर निर्माणपछि गुनासो सम्बोधनको काम प्रभावकारी हुने बताइएको छ ।

'हेलो सिएम' कक्षका कर्मचारी देवप्रसाद उपाध्यायले गएको मंसिरयता एउटा मात्र गुनासो आएको बताए । 'मंसिर महिनामा कैलाली जिल्लाको कैलारी गाउँपालिकामा गरिएको सडक कालोपत्र बारेको गुनासो आएको थियो, त्यसयता कसैको पनि गुनासो आएको छैन', 'उपाध्यायले भने, 'सडक कालोपत्रसम्बन्धी गुनासो सम्बोधनको पहल गरिएको छ ।'

यो कक्ष सञ्चालनमा आएको सुरुको वर्षमा भने १६९ गुनासो आएका थिए । आएका गुनासोमध्ये १५२ गुनासाको फछ्र्यौट गरिएको थियो । हेलो सिएम कक्ष सञ्चालनको सुरुको वर्षमा सडक पूर्वाधार, विद्युत्, सुशासन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, अख्तियार दुरूपयोग, कृषि, खानेपानी, वन पर्यटन, मूल्य वृद्धि नियन्त्रण, आर्थिक कारोवार, ट्राफिक व्यवस्थापनसम्बन्धी गुनासो पनि बढी संख्यामा आएका थिए ।

आएको गुनासो सम्बोधन गर्ने क्रममा अनुगमनको व्यवस्था हुन नसक्दा यसवाट सम्बन्धित सेवाग्राहीको गुनासो सुनुवाइ भयो वा भएन भन्ने विषयमा भने जानकारी हुन सकेको छैन । मुख्यमन्त्री त्रिलोचन भट्टले आफ्नै कार्यालयमा सञ्चालनमा गरिएको हेलो सियम कार्यक्रमको उद्घाटनका क्रममा धनगढीको ट्राफिक व्यवस्थापनको समस्यासम्बन्धी पहिलो गुनासो आएको थियो । हेलो सिएम कक्षमा दुर्घटना, विपद् सम्बन्धी घटना र उद्धारबारे, सार्वजनिक निकायवाट हुने सेवा-सुविधामा भेद्भाव गरिएको वा वञ्चित गरिएको, सेवा सुविधा पाउनमा बाधा अवरोध पुऱ्याइएको, सार्वजनिक निकायको गैरकानूनी कार्य वा त्यस्तो कार्यबाट कसैलाई हानी नोक्सानी पुगेको, लगायतका गुनासोका साथै सुझावसमेत राख्न सकिने व्यवस्था गरिएको छ । प्रदेश सरकारले वर्षेनि ल्याउने नीति तथा कार्यक्रममा हेलो सिएम कार्यक्रमलाई प्राथमिकताका दिने गरेको छ । रासस

# डुबेर मृत्यु

आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत ओमान र अमेरिकासितको त्रिकोणात्मक एकदिवसीय सिरिज अघि नेपालले पपुवा न्युगिनीसँग दुई खेल खेल्ने तय भएको हो । लिग-२ अन्तर्गत नेपालले आगामी सेप्टेम्बरमा ओमान र अमेरिकासित त्रिकोणात्मक एकदिवसीय सिरिज खेल्ने क्यानले जनाएको छ ।

त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि हाल नेपाली टोली बन्द प्रशिक्षणमा छ । बन्द प्रशिक्षणमा १९ खेलाडी सहभागी छन् । बन्द प्रशिक्षणमा कप्तान ज्ञानेन्द्र मल्ल, कुशल भुर्तेल, आरिफ शेख, दिपेन्द्रसिंह ऐरी, आशिफ शेख, गुलशन झा, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी, कमलसिंह ऐरी, अविनाश बोहरा, शाहब आलम, सुशन भारी, शरद भेषवाकर, विक्रम शोब, पवन सर्राफ र रोहितकुमार पौडेल सहभागी छन् ।

विश्वकप लिग-२ मा नेपाल रहेका समूहमा पपुवा न्युगिनी, ओमान, अमेरिका, स्कटल्यान्ड, नामिबिया र युनाइटेड अरब इमिरेटस् (युएई) रहेका छन् । लिग-२ अन्तर्गत नेपालले हालसम्म ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ । नेपाल चार खेलमा दुई जित र दुई खेलमा हारका साथ चार अङ्क जोड्दै छैटौँ स्थानमा छ ।

यस्तै ओमान १० खेलमध्ये आठमा जीत र दुईएमा हार बेहोर्दै १६ अङ्कसहित शीर्ष स्थानमा छ । अमेरिका १२ खेलमा ६ मा जित र ६ मा हारसहित १२ अङ्क जोड्दै दोस्रो स्थानमा छ । स्कटल्यान्ड आठ खेलमा चारमा जित र तीनमा हारका साथ नौ अङ्क जोड्दै तेस्रो स्थानमा छ । स्कटल्यान्डले खेलेको एउटा खेल वर्षाको कारण रद्द भएको थियो । नामिबिया सात खेलमा चारमा जित र तीनमा हार बेहोर्दै आठ अङ्कसहित चौंथो स्थानमा छ ।

यसैगरी युएई सात खेलमा तीनमा जित र तीनमा हारका साथ सात अङ्क जोड्दै पाँचौं स्थानमा छ । युएईले खेलेको एउटा खेल रद्द भएको थियो । पपुवा न्युगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित भएको छ । पपुवा न्युगिनी अङ्कबिहीन बन्दै लिग-२ को पुछारमा रहेको छ । लिग-२ अन्तर्गत सन् २०२३ सम्म प्रत्येक टोलीले ३६ एकदिवसीय खेल खेल्ने छन् । लिग-२ शीर्ष तीन टोली सन् २०२३ मा भारतमा आयोजना हुने एकदिवसिय विश्वकपका लागि ग्लोबल छनोटमा स्थान बनाउने छन् भने पुछारमा रहने चार टोलीले प्लेअफ खेल्ने छन् ।

# बन्द प्रशिक्षणबाट बाहिरिए दश खेलाडी



■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय फुटबल टिमको बन्द प्रशिक्षणबाट १० खेलाडी बाहिरिएका छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले सोमबार पोखराको बन्द प्रशिक्षणमा रहेका मध्येबाट १० खेलाडी बाहिरिएको जनाएको छ ।

मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले १० खेलाडीलाई बाहिर राख्दै २८ खेलाडी छनोट गरेको एन्फाले जनाएको छ ।

प्रशिक्षक अलमुताइरीले साफ च्याम्पियनसिपका लागि प्रारम्भिक बन्द प्रशिक्षणमा ५० खेलाडीलाई बोलाएका थिए ।

टिमबाट बाहिरिने विशाल सुनार, रन्दिप पौडेल, भरत खवास, जर्ज प्रिन्स कार्की, राजिब लोप्चन, सन्जोग राई, त्रिदेभ गुरुङ, रजिन धिमाल, सेसेहाङ आङ्देम्बे र बिक्रम लामा रहेका छन् ।

साफ च्याम्पियनसिप आगामी अक्टोबर १ देखि १३ सम्म माल्दिभ्समा हुनेछ । साफ च्याम्पियनसिप अघि नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल खेल्नेछ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने खेल भदौ १७ र २० (सेप्टेम्बर २ र ५) मा हुनेछ ।

**बन्द प्रशिक्षणमा रहेका खेलाडीहरू:**
किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, अर्पण कार्की, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, सुरज जिउ ठकुरी, सुमन लामा, कमल थापा मगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पुजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनिल बल, मनिष डाँगी, अन्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ, आशिष लामा, अभिषेक रिजाल, शिशिर लेखी

# नेटोका लागि काम गरेका दोभासेहरू चिन्तित, हजारौँ विस्थापित

**काबुल–** अफगानिस्तानमा तालिबान लडाकूहरूले देशका विभिन्न क्षेत्रमा नियन्त्रण कायम गरी राजधानी काबुलमा प्रवेश गरेपछि उनीहरूले आफ्नो नेतृत्वको सरकार गठन गर्ने तयारी थालेका छन् ।

तालिबानले अफगानिस्तानलाई इस्लामिक राज्य घोषणा गर्ने तयारी गरिरहेको बताइएको छ ।

बीस वर्ष पहिले तालिबानलाई अमेरिकाको नेतृत्वमा नेटो सैनिक अफगानिस्तानमा पुगेपछि उनीहरूलाई भाषासम्बन्धी सहयोग गरेका हजारौँ अफगानी नागरिक तथा अन्य सहयोगका लागि अफगानिस्तान पुगेका विदेशीहरू तालिबान समूहको निशाना बन्नसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । तालिबानको डरका कारण देशका विभिन्न स्थानबाट हजारौँ मानिसहरू भागेका छन् ।

अमेरिका, बेलायतलगायत युरोपेली मुलुकहरूले आफ्ना नागरिकलाई काबुलबाट फिर्ता गर्ने तयारी गरिरहेका छन् भने कतिपय एसिया, मध्यपूर्वलगायतका सीमा क्षेत्रका नागरिकहरू पनि आफ्नो सरकारले फिर्ता गर्ने पर्खाइमा रहेका छन् ।

यसैबीच नेटो सेनाका लागि २० वर्षदेखि काम गरेका दोभासेहरूका लागि तालिबानको सत्तारोहण चिन्ताको विषय हुन पुगेको छ । तालिबानले उनीहरूलाई देशद्रोहीका रूपमा हेर्नेगरेको छ । नेटो सैनिकको अफगानिस्तानबाट फिर्तासँगै उनीहरूले तालिबानको निशाना बन्ने भन्दै चिन्ता व्यक्त गरिरहेका छन् । दोभासेहरूले आफूलाई बेलायत स्थानान्तरण गर्ने विषयमा स्पष्टता होस् भनेर अन्तरराष्ट्रिय समुदायसँग आग्रह गरेका छन् । बेलायतले यस पहिले नै दोभासेको काम गरेका कम्तीमा एक हजार ८०० अफगान र उनीहरूका परिवारलाई बेलायत प्रवेश गर्न दिइसकेको बताएको छ । (रासस/एएनआई)

# अफगानी सम्पत्तिमा तालिबानलाई पहुँच नदिइने

**वासिङटन–** अमेरिकी खातामा राखिएका कुनै पनि अफगान सञ्चितिमा तालिबान समूह पहुँचबाट वञ्चित हुने अमेरिकी प्रशासन अधिकारीले एएफपीलाई सोमबार बताएका छन् ।

तालिबानको सहज कब्जापछि अमेरिकी सेनाले अफगानिस्तानको राजधानी खाली गरिरहेको बेला अधिकारीले भने, 'अफगानिस्तानमा रहेको कुनै पनि केन्द्रीय बैंकको सम्पत्ति तालिबानलाई उपलब्ध गराइने छैन ।'

अन्तरराष्ट्रिय मुद्रा कोषका अनुसार अप्रिलको अन्त्यमा केन्द्रीय बैंकको कूल सञ्चिति ९.४ अर्ब डलर पुगेको थियो । तर यस विषयमा जानकार एक व्यक्तिका अनुसार तीमध्ये अधिकांश रकम अफगानिस्तान बाहिर राखिएको छ ।

संयुक्त राज्य अमेरिकामा अफगान सञ्चितिको कति हिस्सा छ भन्नेबारे अहिले स्पष्ट पारिएको छैन । (रासस/एएफपी)


## वीमालेख हरायो

मिति २०७७/०५/१७ गते हात्तिवन देखि मुलपानी सम्म जाँदा मेरो नेपाल लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खवर गरिदिनुहुन अनुरोध छ ।

नामः आरविन ज्ञवाली
बिमालेख नं.: १०८०१७६७८
फोन नं.: ९८४१६७७०४१


## खयर काठ बोलपत्र लिलाम विक्री सम्बन्धी २१ दिने सूचना

**प्रकाशित मिति : २०७८/०५/०१ गते**

यस श्री भलडुंग्री सामुदायिक वन उपभोक्ता समुह जानकी गा.पा.-९, कैलाली र गेरुवा गा.पा.-२ बर्दिया सामुदायिक वन क्षेत्रको आ.व.२०७८/०१/०६ को काठ संकलन सहमति अनुसार यस वन क्षेत्रबाट संकलन गरी विभिन्न लटमा गोलीयाहरु मिति २०७८/०४/११ को लिलाम सहमति अनुसार खयर काठ गोलिया थान ९५५ को २५८२.४२ को परिमाणमा खयर सामुदायिक वनले घाटगद्दी बनाई राखेको ठाउँबाट जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री २१ दिनभित्र र सो दिन बिदा परेमा भोलिपल्ट समेत नियमपूर्वक निवेदन पेश गर्न जानकारी गाराइन्छ । साथै यो सूचनाको विस्तृत जानकारीका लागि यस सा.व.उ.स को कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**श्री भलडुंग्री सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.-९, कैलाली र गेरुवा-२, बर्दिया**

डिभिजन वन कार्यालय, सप्तरी
गोलिया काठ दाउरा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना
प्रथम पटक प्रकाशित मिति २०७८/०५/०१

श्री २ नं. प्रदेश प्रहरी तालिम केन्द्र सम्पर्क कार्यालय राजविराज,सप्तरी कार्यालय कम्पाउण्डको घाटगद्दी तथा यस कार्यालय अन्तर्गत सब-डिभिजन वन कार्यालय, दौलतपुर कार्यालय कम्पाउण्डको घाटगद्दीमा रहेको तपसिल वमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म संस्थाले यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र यस कार्यालयबाट बोलपत्र खरिद गरि २२ औं दिन सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वानको सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

तपसिल

(१) वन पैदावारको विवरण

| वन पैदावार | | | | | | न्युनतम मूल्य | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | किसिम | थान | परिमाण | | |
| १ | २ | सिसौ, टिक, आप, कर्मा, मसला र अन्य | गोलिया | ७१ | ४९२।५० क्यु.फीट | रु. १२५८७५।०० | श्री २ नं. प्र. प्र. ता. के. स. का. राजविराज, सप्तरी |
| | | | दाउरा | - | १/२ चट्टा | | |
| २ | ३ | पिपल, कदम,सिसौ, पाकैर र मसला | गोलिया | १९३ | ७०४।७६ क्यु.फीट | रु. १५४७८०।०० | सब-डिभिजन वन कार्यालय, दौलतपुर |
| | | | दाउरा | - | २ चट्टा | | |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Hussein Ahmed Mohammed Al-Qahtani Factory for Ready Mix Concrete

पूर्व स्वीकृति मिति २०७८/04/३२ LT. No. 243967 चलानी नं.६०१६१५११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 3 | 0 | 1800 | ५७,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः भदौ ८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम इजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी: Rafee rashed kharbat metal industry factory

पूर्व स्वीकृति मिति : २०७८/04/०५ पून : विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ चलानी नं ६०१६०३७१ LT. No. 242668

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Doors Steel Fixer | 2 | 0 | 1200 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ८ गते सम्म ( 24 th Aug 2021 ) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLACK HOUSE CAFE TO SERVE DRINK

पुर्व स्वीकृति मिति २०७७/०४/३२ LT. No. 242735 चलानी नं. ६०१६१४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 2 | 0 | 1000 | ३१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा २०७८ भदौ ८ गते (24th Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPECIALIZED CLEANING GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७८/04/२६ LT. No.243745 चलानी नं. ६०१६११३६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 5 | 0 | 1800 | ५७,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPECIALIZED CLEANING GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७८/04/२६ LT. No.243749 चलानी नं. ६०१६११३६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 6 | 0 | 1800 | ५७,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ ८ गते (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** श्रम इजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO

पूर्व स्वीकृति मिति :२०७८/03/२५ पून : विज्ञापन स्वीकृति मिति :२०७८/04/३२ LT. No.242141 चलानी नं ६०१५९९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHOLE VEHICLE DRIVER | 01 | 0 | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः भाद्र ८ गते (24th Aug.2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor, Kathmandu-31, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALFAO OPERATION & MAINTENANCE LTD.

पूर्व स्वीकृति मिति: २०७८/03/१८ पून विज्ञापन स्वीकृति मिति: २०७८/04/३२ LT. No. : 240142 चलानी नं. ६०१६००६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा भदौ ८ गते (24 th Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur Tel No. 5528563, 5531210, 5525424, 9851049472
Email : humour777@gmail.com,infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HASSAN MOHAMMED AL QAHTANI BLOCK FACTORY

पूर्व स्वीकृति मिति २०७८/०३/३१ पून विज्ञापन स्वीकृति मिति २०७८/०४/३२ LT. No. 242523 चलानी नं. ६०१६५९७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 1 | 0 | 1500 | ४७,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1800 | ५६,०६९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ ८ गते अर्थात (24th Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

१०६२/०७३/०७४
**Nice Recruiting Agency Pvt.ltd.**
Samakhusi-29, Kathmandu, Tel: +977-01- 4385029,014385077,014385029



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EVEREST TRANSPORTATION W.L.L

पूर्व स्वीकृति मिति : २०७८/03/१६ पून : विज्ञापन स्वीकृति मिति : २०७८/04/३२ LT. No. : 241513 चलानी नं. : ६०१५६४२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 12 | 0 | 2000 | ६४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा २०७८ भदौ ८ गते (24th Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Best H. R. Solutions Pvt. Ltd.**
श्रम इजाजत नं. ११९०/०७३/०७४
Tokha-7, Basundhara Kathmandu, Nepal Tel :+977-1-4389446, 4357800 Email: info@besthrnepal.com,pandeybesthr@gmail.com,



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१ । **ReachmondBooksShop (रोहित दाहाल)** -फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **YonjanEnterprise-DhalkuBhishalNagar,4438217** । **दन्तकाली स्टेशनरी -** नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेशनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेशनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. -** पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेशनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेशनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७** । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्प्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेशनरी -** पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९०५००।- | प्रति तोला - ९००००।- | प्रति तोला - १३००।- |

## उतारचढावबीच नेप्सेमा सामान्य सुधार

### १५ अर्ब ९३ करोड कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार झिनो अंकले उकालो लागेको छ। आइतबार दोहोरो अङ्कले ओरालो लागेको नेप्से सोमबार भने सम्हालिएर ५.७२ बिन्दुले बढेर तीन हजार १६०.०५ मा पुगेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.५६ बिन्दुले बढेर ५९२.९३ मा पुगेको छ। कूल २२७ कम्पनीको दुई करोड ८६ लाख १७ हजार ८०५ कित्ता शेयर रु १५ अर्ब ९३ करोड आठ लाख ९७ हजार ९३८ मूल्यमा खरिद बिक्री भए।

सोमबारको कारोबारपछि बजार पूँजीकरण रु ४४ खर्ब १४ अर्ब ११ करोड १० लाख पाँच हजार बराबर पुगेको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर ओरालो लाग्यो भने सात उपसमूहको शेयर उकालो लाग्यो। बैंकिङ ११.३३, होटल तथा पर्यटन ३२.७३, वित्त २८.५१, निर्जीवन बीमा ६७.३६, जीवन बीमा १७२.८७ र सामूहिक लगानी कोष ०.०३ बिन्दुले घटेको छ। यस्तै, व्यापार ६४.७३, विकास बैंक ७४.७३, जलविद्युत् ४०.१२, उत्पादन १५८.९८, अन्य ३.६, लघुवित्त ५६.८२ र लगानी २.६८ बिन्दुले बढेको छ।

कारोबारका आधारमा सोमबार नेशनल हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ७४ करोड ९७ हजार ४५६ बराबरको कारोबार भयो। नेपाल बैंक रु ६४ करोड ७० लाख २४ हजार ३२१, एचआइडिसिएल रु ५४ करोड ८४ लाख ७४ हजार ७९६, डादी ग्रुप अफ पावर रु ४८ करोड ४८ लाख ८६ हजार ६४८, अपि पावर कम्पनी रु ४७ करोड ९७ लाख ३१ हजार ५९४ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

नेप्से झिनो अंकले बढे पनि विभिन्न पाँच कम्पनीको शेयरमा सकारात्मक सर्किट लागेको छ। नेशनल हाइड्रोपावर, कर्पोरेट डेभलपमेन्ट बैंक, रिडी हाइड्रोपावर, खानीखोला हाइड्रोपावर, जीवन विकास लघुवित्तको शेयरमा १० प्रतिशतको वृद्धि भयो।

यस्तै, आइसिएफसी फाइनान्स ६.२७, माउण्टेन इनर्जी नेपाल ५.३३, यूनियन लाइफ इन्स्योरेन्स ४.५३, डादी ग्रुप अफ पावर ४.३३ र नेपाल एसबिआई बैंकका लगानीकर्ताले ३.४१ प्रतिशतले गुमाए।



**ढकिया बुन्दै** : फुर्सदको बेला परम्परागत सिपको प्रयोग गरी ढकिया बुन्दै कैलालीको गौरीगङ्गा नगरपालिका-८ की थारू महिला। तस्बिर : मीन ठकुरी/रासस

## कार्यकारी निर्देशक साउदद्वारा गल्ती स्वीकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्जका कार्यकारी निर्देशक चन्द्रसिंह साउदले सर्वोत्तम सिमेन्टको शेयरका सम्बन्धमा संसदीय समितिले उठाएको प्रश्नलाई स्वीकारेका छन्। बैठकमा सांसदले नियमन निकाय स्टक एक्सचेञ्जका प्रमुख कार्यकारी र परिवार नै कारोवारमा संलग्न हुने विषयले समग्र शेयर बजारको काम कारबाहीको निष्पक्षतामाथि प्रश्न उब्जिएको जनाउँदै कानूनी छिद्रलाई देखाई पन्छन पाईंदैन भनी निर्देशक साउदको ध्यानाकर्षण गराए।

सांसद रामकुमारी झाँक्रीले भनिन्, 'यो आर्थिक अराजकताको पराकास्ट हो। कानुनको कमजोर स्थानमा टेक्ने होइन, उठेका विषय सम्बोधन गरिनुपर्छ। सार्वजनिक पदधारण गर्नेमा आत्मअनुशासन र नैतिकता हुन पर्दैन र ?' जवाफमा निर्देशक साउदले भने, 'नियम कानूनको परिधिभित्रै रहेर सर्वोत्तम सिमेन्टसँग जोडिएको विषयमा काम भएको हो। अहिले मलाई त्यसमा प्रवेश नगरेको भए पनि हुन्थ्यो की भन्ने महसुस भएको छ। अब यस्ता नमूना प्रश्न उब्जन दिइने छैनौं।'

सर्वोत्तम सिमेन्ट नेप्सेमा आएको सूचीकृत कम्पनी नभएको बताउँदै उनले भने, 'आगामी दिनमा यस्ता नमूना प्रश्नबाट टाढै रहने प्रतिबद्धता दिलाउन चाहन्छु।'

नेप्सेले आचारसंहिता र कर्मचारी नियमावलीभित्र रहेर निर्णय गरेको भए पनि समाजबाट आउन सक्ने प्रश्नको पाटोलाई ध्यान दिँदै आगामी दिनमा यस्ता कमी कमजोरीलाई सुधार गरिने कार्यकारी निर्देशक साउदले स्पष्ट गरे। उनले भने, 'कानून र नियम हेरी शेयर किनेकै हो। नियमले मात्र हुँदोरहेनछ, हाम्रो पछाडि समाज पनि छ, भन्ने अहिले महसुस भएको छ।'

यसअघि बैठकमा सभापति कृष्णप्रसाद दाहालले कतिपय खेलमा नियुक्त गरिएका रेफ्री (निर्णायक) नै खेलमा सहभागी भएमा खेलको निर्णय कसले दिन्छ ? भनी प्रश्न गर्दै सर्वोत्तमसम्बन्धी विषय पनि यस्तै होइन र भनी जिज्ञासा राखे। सभापति दाहालले भने, 'माननीयज्यूलाई पनि भन्न चाहन्छु आइपिओभन्दा बाहेक शेयरमा संलग्न हुने कुराबाट आफूलाई टाढा राख्नुहोला। हामी पनि नियामक निकायजस्तै भूमिकामा छौं। हाम्रो पनि नैतिकतासँग जोडिन्छ सचेत गराउन चाहन्छु।' धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जका विषयमा उठेका प्रश्नबारे अरु नियामक निकाय र अर्थ मन्त्रालयसँग छलफल गरिने गरिने समितिका सचिव डा. सुरेन्द्र अर्यालले जानकारी दिए।

## कोसी करिडोर २२० केभी प्रसारण लाइन निर्माण सम्पन्न

■ रमेश लम्साल/रासस

**काठमाडौं –** पूर्वाञ्चल क्षेत्रमा निर्माण भएका जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोड्नका लागि महत्वपूर्ण मानिएको कोशी करिडोर प्रसारण लाइनको पहिलो खण्ड निर्माण सम्पन्न गरिएको छ।

कूल २२० केभी प्रसारण लाइन आयोजनाको पहिलो खण्ड निर्माण सम्पन्न भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। सुनसरीको इनरुवाबाट संखुवासभाको तुम्लिङटारसम्मको कूल १०६ किलोमिटर २२० केभी डबल सर्किट क्षमताको प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि कोशी बेसिनमा निर्माण भएका जलविद्युत् आयोजनाले उत्पादन गर्ने बिजुली राष्ट्रिय प्रणालीमा जोड्न सकिने भएको हो।

सो प्रसारण लाइनमा कूल ३२६ टावर निर्माण सम्पन्न भएको छ। प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि अरुण र तमोर नदी जलाधार क्षेत्रमा निर्माण भएका आयोजनालाई राहत मिलेको छ। सो जलाधार क्षेत्रका झण्डै दुई हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनाको बिजुली सहजरूपमा प्रवाहका लागिसमेत पूर्वाधार तयार भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। सो प्रसारण लाइन मंगलबारदेखि ३३ केभीमा सञ्चालन गरिनेछ।

इनरुवामा निर्माणाधीन २२० केभी क्षमताको सबस्टेशको निर्माण पूरा भएको छैन। निर्माण व्यवसायीले तोकेअनुसार काम गर्न नसक्दा सबस्टेशनको काम पूरा हुन सकेको छैन। सो सबस्टेशन निर्माण सम्पन्न नभएकाले तत्कालका लागि अस्थायीरूपमा प्रसारण लाइन ३३ केभीमा चार्ज गरिएको हो। त्यसबाट भोजपुर, सफ्वासभा र तेह्रथुममा निजी क्षेत्रका आयोजनाबाट उत्पादित विद्युत् प्रवाह गरिने कार्यकारी निर्देशक घिसिङको भनाइ छ। यसबाट बर्खाको समयमा त्यस क्षेत्रका आयोजनाले बेहोर्दै आएको प्रसारण लाइनको समस्या समाधान भएको प्राधिकरणको बुझाइ छ।

संखुवासभाको तिरतिरेमा अहिले रहेको ३३ केभी लाइनलाई कोशी करिडोर प्रसारण लाइनमा जोडी सुनसरीको धरान उपमहानगरपालिका-१७ स्थित चतरा-धरान ३३ केभी लाइनमा जोडिनेछ। तिरतिरे-वसन्तपुर-धनकुटा-धरान ३३ केभी प्रसारण लाइनको क्षमताले नपुग्दा भोजपुर, सफ्वासभा र तेह्रथुममा सञ्चालित आयोजना बर्खाका समयमा समेत पूर्ण क्षमतामा चल्न सकिरहेका थिएनन्। आयोजनाको जडित क्षमता करिब ३३ मेगावाट छ।

संखुवाभाको तुम्लिङटार तथा बानेश्वर र तेह्रथुमको वसन्तपुरमा गरी तीन सबस्टेसनको निर्माण गरिएको आयोजना प्रमुख राजन ढकालले जानकारी दिए। 'निर्माण चरणमा विभिन्न अवरोध छिचोल्दै निरन्तरको प्रयासबाट सबैको साथ र सहयोगमा काम सक्न सफल भएका छौं', उनले भने, 'निर्माणाधीन अन्य प्रसारण लाइन आयोजनाको तुलनामा ठूलो र लामो लाइन छिटो निर्माण सम्पन्न भएर रेकर्ड पनि कायम भएको छ।' आयोजना प्रमुख कार्यक्षेत्रमा नै बसेर समस्या समाधानका लागि पहल गरेका कारण पनि ठूलामध्येको एक कोशी करिडोर प्रसारण लाइन सम्पन्न भएकाले ऊर्जा उद्यमीले पनि खुसी व्यक्त गरेका छन्।

सर्वसाधारणलाई साधारण शेयर बिक्री गर्न लागेको खोरुंगा खोला जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तेह्रथुम पावरका प्रमुख मोहन डाँगीले प्रसारण लाइन सम्पन्न भएका कारण आफूहरूलाई राहत भएको प्रतिक्रिया दिए।

नेपाल सरकार, प्राधिकरण र भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा प्रदेश नं १ का भोजपुर, सफ्वासभा, तेह्रथुम र ताप्लेजुङमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न कोशी करिडोरको निर्माण गरिएको हो। प्राधिकरणले निजी क्षेत्रका २८ आयोजनाको ५१६ मेगावाट विद्युत् यही प्रसारण लाइनमा जोड्ने गरी खरिद सम्झौता (पिपिए) गरिसकेको छ। ती आयोजना निर्माणको विभिन्न चरणमा छन्।

करिडोरको पहिलो प्याकेजमा इनरुवा-वसन्तपुर-वानेश्वर-तुम्लिङटार २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको हो। यसको अनुमानित लागत तीन करोड ७५ लाख अमेरिकी डलर छ। दोस्रो प्याकेजमा इनरुवा, वसन्तपुर, वानेश्वर र तुम्लिङटारमा २२० केभीको सबस्टेसन निर्माण गरिएको छ। यो प्याकेजको अनुमानीत लागत दुई करोड ५३ लाख डलर छ।

तेस्रो प्याकेजमा वसन्तपुर-ढुंगेसाँघु (ताप्लेजुङ) ३५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको छ। एक सय ३२ टावर निर्माण गर्नुपर्ने यस खण्डको काम आगामी माघभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना प्रमुख ढकालले जानकारी दिए।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई